नैतिक शिक्षा

कक्षा ७

लेखक – विश्वम्भर घिमिरे



नैतिक शिक्षा

कक्षा ७

लेखक
विश्वम्भर घिमिरे

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पाठ्यक्रम (२०३८) अनुसार पहिलो संस्करण २०३९, पुस
दोस्रो संस्करण २०४०, श्रावण
एघारौं संस्करण २०५०
बाह्रौं संस्करण २०५१

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधि सम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नु हुने छ ।

ज. शि. सा. के. लि.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई चरित्र निर्माण गराउने र अनुशासनको विकास गराउने निम्न माध्यमिक शिक्षाको उद्देश्यमा आधारित संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गरी प्रकाशमा ल्याइएको छ ।

यस पाठ्यपुस्तकका लेखक श्री विश्वम्भर घिमिरे हुनुहुन्छ ।

सम्बन्धित विषयका अनुभवी शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझाव समेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान्, तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर ।

विषय-सूची

एकाइ १– ईश्वरको व्यापकता

विभिन्नतामा एकता १
विश्वास र विचारमा समन्वयको आवश्यकता ५
ईश्वरीय अवतार ८

एकाइ २– आत्म अनुशासन

सादा जीवन उच्च विचार १४
आफ्नो भर आफैं गरौं १७
आत्म संयमी बनौं २०

एकाइ ३– सामाजिक व्यवहार

रमाइलो गाउँ रमाइला विद्यार्थी २६
राजेशको सफलता २८
भीष्मको स्वार्थत्याग ३०
साहस नै ठूलो हो ३२
सूर्य र हावा ३५
दूराचार पाप हो ३७
अमूल्य धन ४०
परिश्रम नगरी फल पाइन्न ४३

एकाइ ४– राष्ट्रपति वफादारी

हाम्रो प्यारो चाड बडादशैं ४७
हामी हाम्रा राजाको जन्मोत्सव मनाऔं ५१
हामी परोपकारी बनुं ५५
हाम्रो सुन्दर देश ६२

एकाइ ५– हाम्रो संस्कृति

हाम्रो परम्परागत मान्यता ६९
हाम्रा सांस्कृतिक र धार्मिक वस्तुहरू ७०
अरू देशको संस्कृति र सभ्यता ७२

एकाइ एक

ईश्वरको व्यापकता

विभिन्नतामा एकता

ईश्वर एउटै छन् र उनी जहाँतहीं व्याप्त छन् । हामी बसेको पृथ्वी सूर्य, चन्द्र, तारा आदि सबै ग्रह र उपग्रहहरू ईश्वरकै शक्तिबाट अडेका छन् । मनुष्य, पशुपक्षी, कीटपतङ्ग र सम्पूर्ण जीव-जीवात्माहरूमा उनै ईश्वरको अंश रहेको छ । यी सबै कुरा हामीले बुझिसकेका छौं ।

यसरी सर्वशक्तिमान ईश्वर एउटै भएता पनि ईश्वर प्राप्त गर्ने अनेक बाटाहरू छन् । यसका लागि एउटा उदाहरण लिन सकिन्छ । राम, श्याम र हरि एउटै विद्यालयमा पढ्थे । उनीहरू तिनै जनाको मुख्य उद्देश्य विद्यालय पुगेर गुरुहरूसँग विद्या आर्जन गर्नु नै थियो, तर विद्यालय पुग्नका लागि ती तीन जना विद्यार्थीहरू फरकफरक बाटो गरी जान्थे । आखिर जुनसुकै बाटोबाट गए पनि उनीहरू उही विद्यालयमा पुग्थे र विद्या हासिल गर्थे । केवल उनीहरू हिंड्ने बाटोमात्र फरक थियो । उद्देश्य भने एउटै थियो ।

त्यसै गरी ईश्वरत्व प्राप्त गर्न पनि संसारका मानिसहरूले बेग्लाबेग्लै धर्महरू अपनाएका छन् । ती धर्महरू हिन्दू धर्म, बौद्ध धर्म, इस्लाम धर्म, क्रिश्चियन धर्म, जैन धर्म, यहूदी धर्म आदि अनेकौं धर्महरू छन् । अब हामी केही धर्महरूका बारेमा विशेष कुरा जानौं ।

हिन्दू धर्म

यो धर्म धेरै पुरानो धर्म हो । उहिले-उहिलेका ऋषिमुनिहरूको ज्ञान र सन्देशबाट नै यो धर्मको प्रादुर्भाव भएको हो । यो धर्म कुनै खास व्यक्ति विशेषको धर्म होइन ।

हिन्दू धर्म मान्ने मानिसहरू अनेकौं देवी देवताहरू मान्दछन् । यिनीहरू यी देवी देवताका मन्दिर जान्छन् । देवताका मूर्तिहरूमा पूजा गर्छन् । ब्रह्मा, विष्णु, महेश्वरलाई त्रिमूर्तिका रूपमा मान्दछन् । लक्ष्मी, महालक्ष्मी, सरस्वतीलाई देवीका रूपमा मान्दछन् ।

हिन्दू धर्म मान्ने मानिसहरू वेद, उपनिषद, पुराण, गीता, रामायण, महाभारत आदि धर्म ग्रन्थहरू पढ्छन् । यिनै ग्रन्थहरूमा हिन्दू धर्मका अनुयायीहरूले मान्नु र गर्नुपर्ने कुराहरू लेखिएका छन् ।

बौद्ध धर्म

आजभन्दा पच्चीस सय वर्षअघि यो धर्म शुरु भएको थियो । यस धर्मका जन्मदाता गौतम बुद्ध हुन् । उनी हाम्रो नेपालको पश्चिमी भाग कपिलवस्तुमा जन्मिएका थिए । उनकै

ज्ञान र सन्देशलाई मानिसहरूले धर्मको रूपमा ग्रहण गरे । पछिपछि उनका यिनै ज्ञान र उपदेशलाई उनका चेलाहरूले धार्मिक ग्रन्थका रूपमा संकलन गरे । यस ग्रन्थलाई त्रिपिटक भन्दछन् । यसमा बुद्ध धर्मका अनुयायीहरूले मान्नु र गर्नुपर्ने कुराहरू लेखिएका छन् ।

इस्लाम धर्म

यस धर्मका जन्मदाता मोहम्मद हुन् । आजभन्दा करीब चौध सय वर्षअघि मक्का भन्ने शहरमा उनको जन्म भएको थियो । उनकै ज्ञान र उपदेशहरूलाई मानिसहरूले धर्मको रूपमा माने । यो धर्म मान्नेहरू उनलाई पैगम्बरको रूपमा मान्दछन् । पैगम्बर भनेका देवदूत हुन् । पैगम्बरले भने बमोजिमको काम गर्छु भनेर मन्जुरी जनाउनु नै इस्लाम धर्म ग्रहण गर्नु हो । इस्लाम धर्म मान्नेहरू उनीप्रति भक्तिभाव राख्दछन् ।

इस्लाम धर्मको ग्रन्थलाई कुरान भनिन्छ । यही कुरानमा इस्लाम धर्मसम्बन्धी कुराहरू लेखिएका छन् ।

क्रिश्चियन धर्म



यस धर्मका जन्मदाता जेससक्राइष्ट हुन् । यसलाई यिशुमसिह पनि भनिन्छ । आजभन्दा झण्डै दुई हजार वर्षअघि उनको जन्म भएको थियो । उनी जेरूसेलममा जन्मिएका थिए ।

यस धर्मको महाग्रन्थ बाइबल हो । यसमा क्रिश्चियन धर्म मान्नेले पालना गर्नुपर्ने कुराहरू लेखिएका छन् ।

यी माथिका धर्मबाहेक अरू किसिमका धर्म मान्ने मानिसहरू पनि संसारमा छन् । सबै धर्मका आफ्आफ्नै नियमहरू हुन्छन् । यी नियम अनुसार नै उनीहरूले आफ्नो जाति र धर्मको रक्षा गरिरहेका छन् ।

यसरी हामीले धार्मिक विभिन्नताहरू फेला पार्छौं, तर यी विभिन्नताहरू भएता पनि यी सबै धर्ममा मूलभूत एकता पाइन्छ । ती एकताहरू हुन्:–

"दुःखी, गरीब र निस्सहायहरूको सेवा गर्नु, बालक र बूढाबूढीहरूको संरक्षण गर्नु, झूठो नबोल्नु, अरूप्रति रिस, डाह र अन्याय नगर्नु, सहनशील हुनु, शुद्ध, सफा र सरल जीवन बिताउनु, गरीबगुरुवालाई दान दिनु, व्रत बस्नु, धार्मिक कार्यहरू गर्नु र धर्मग्रन्थमा लेखिएका कुराहरूको

पालना गरी सधैं ईश्वरप्रति आस्था र भक्ति राखी उनको प्रार्थना गर्नु" जस्ता कुराहरू नै सबै धर्मले अपनाएका कुराहरू हुन् । यिनै काम कुराहरू गर्नाले मात्र आफ्नो धर्मको पालना हुन्छ । आफ्नो सभ्यता र संस्कृतिको रक्षा हुन्छ । यस प्रकार यी विभिन्न धर्महरूमा एउटै सारतत्त्व पाइन्छ । सबै धर्मले सबै प्राणीहरूका लागि कल्याणकारी बाटो देखाएको छ । हामीलाई सद्गुणी र सच्चरित्रवान् हुने उपदेश दिएको छ।

अभ्यास

१. (क) धार्मिक विभिन्नतामा मूलभूत एकता भन्नाले के बुझिन्छ , आफ्नै शब्दमा बयान गर ।
   (ख) विभिन्न धर्मका प्रवर्तकहरूका बारेमा तिमीलाई के थाहा छ, लेख ।

२. तलका वाक्यहरूको खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर
   (क) क्रिश्चियन धर्मका प्रवर्तक.....हुन् (गौतम बुद्ध, मोहम्मद, जेसस क्राइष्ट)
   (ख)त्रिपिटक.....को ग्रन्थ हो (बौद्ध धर्म, हिन्दू-धर्म, इस्लाम धर्म)
   (ग) .....को ग्रन्थलाई बाइबल भन्दछन् ।
   (यहुदी धर्म, जैन धर्म, क्रिश्चियन धर्म)
   (क) गीता.....का लागि महान् ग्रन्थ हो (हिन्दूहरू, क्रिश्चियनहरू, बौद्ध मार्गीहरू)

३. हिन्दू धर्म, बुद्ध धर्म, इस्लाम धर्म र क्रिश्चियन धर्मका मानिसहरूले मान्ने ईश्वरका विभिन्न स्वरूपहरूका चित्रहरू संकलन गरी कक्षामा प्रदर्शन गर ।

विश्वास र विचारमा समन्वयताको आवश्यकता

हामीले संसारका मानिसहरूले मान्ने विभिन्न धर्म र यिनीहरूको सारतत्त्वमा मूलभूत एकताबारे अघिल्लो पाठमा जान्यौं । अब हामी यस पाठमा विभिन्न धर्मका मानिसहरूको विचार र विश्वासमा समन्वयताको आवश्यकता बारेमा जान्ने छौं ।



हामी एउटै ईश्वरका सृष्टि हौं । ईश्वर एकमात्र छन्, तर पनि ईश्वरका विभिन्न स्वरूपहरू छन् । ईश्वरका यिनै विभिन्न स्वरूपहरूका आधारमा नै हामीले आफ्नोआफ्नो विश्वास अनुसार ईश्वरलाई विभिन्न नामले मानेका छौं । ब्रह्मा, विष्णु, महेश्वर, राम, कृष्ण, सरस्वती, महाकाली, महालक्ष्मी आदिलाई हिन्दूहरू ईश्वरका विभिन्न स्वरूप मान्दछन् र सोही अनुसार उनीहरूको पूजा र प्रार्थना गर्दछन् । बौद्ध मार्गीहरू बुद्धलाई ईश्वरको स्वरूपमा मान्दछन् । मुसलमानहरू मोहम्मदलाई मान्दछन् । अंग्रेजहरू जेसस क्राइष्टलाई मान्दछन्, तर ईश्वरका जे जति स्वरूप भए तापनि यिनीहरूले प्राणीमात्रको कल्याण गर्दछन् । हामीलाई सच्चरित्रकै संदेश दिएका छन् । प्रेम, दया, शान्तिको पाठ पढाउँछन् । यसैले ईश्वरप्रतिको विश्वास र विचारमा

हामी सबैको एकमत हुनुपर्दछ । कुनै एक धर्म मान्नेले अर्को धर्म मान्नेप्रति घृणा र अवहेलना गर्नुहुँदैन । कुनै एउटा स्वरूपको ईश्वरको नाममा अर्को स्वरूपको ईश्वरमाथि अनास्था देखाउनु-हुँदैन । किनभने ईश्वर एउटै छन् भन्ने हामीले थाहा पाउनुपर्छ । एउटै ईश्वरका विभिन्न स्वरूप हुन्छन् भन्ने कुरा पनि हामीले बुझ्नुपर्छ । यसैले संसारमा धर्मको नाममा लडाईं झगडा हुनु हुँदैन । मेरो धर्म ठूलो र तेरो धर्म सानु भन्ने भावना लिनुहुँदैन । यो भावनाले नराम्रो असर पैदा गर्छ । ठाउँठाउमा लडाईं झगडा हुन्छन् । कैयौं मानिसहरू मर्छन् । कैयौं धनमालको नोक्सान हुन्छ । यस्ता घटनाहरू पनि हामीले बारम्बार सुनिरहेका छौं ।

विश्वास र विचारको समन्वयात्मक भावनाले नै धार्मिक सहिष्णुता पैदा गर्छ । यसै-बाट देशका मानिसको कल्याण हुन्छ । देशमा शान्ति र सुव्यवस्था कायम हुन्छ । स्वतन्त्रतापूर्वक आफ्नोआफ्नो धर्ममा मानिसहरू लाग्न पाउँछन् । कोही कसैसँग झगडा गर्दैनन् । आपसी सह-योगको वृद्धि हुन्छ । अनि त्यो समाज एउटा सभ्य र सुसंस्कृत समाज बन्दछ ।



हाम्रो देश नेपालमा पनि धार्मिक सहिष्णुता भएको हामी पाउँछौं । किनभने यहाँ हिन्दू, बौद्ध, इस्लाम र क्रिश्चियन धर्म मान्ने मानिसहरू छन्, तर यिनीहरूका बीचमा धर्मको नाउँमा कहिल्यै लडाईं झगडा भएको छैन । एक धर्मका मानिसले अर्को धर्मका मानिसलाई हेला गर्ने, होच्याउने काम गरेका छैनन् । यिनीहरू आपसमा मिलेर बसेका छन् । यसको उदाहरणका लागि हाम्रो देशमा भएका देवालय, चैत्य वा गुम्बा, मस्जिद र चर्चहरूको नमुना लिन सक्छौं । हिन्दू देवालयहरूका नगिच बौद्ध चैत्यहरू छन् । कहीं इस्लाम मस्जिदहरू पनि

छन् । आफ्नोआफ्नो धर्म अनुसार यहाँका मानिसहरू देवालय, चैत्य, मस्जीदमा वा चर्चमा जान्छन् र पूजा पाठ आदि गर्छन् । हिन्दू धर्म मान्नेहरू बौद्ध, चैत्य वा गुम्बाहरूमा पनि गएका देखिन्छन् । त्यसै गरी बौद्ध मार्गीहरू हिन्दू देवालयहरूमा पनि गएका देखिन्छन् । यसबाट हाम्रो धार्मिक





विश्वास र विचारमा समन्वयताको आभाष पाइन्छ । यसैले पनि हामीले हाम्रो धार्मिक सहिष्णुतामा गर्व गर्ने मौका पाएका छौं ।

अभ्यास

१. (क) तिमी आफू कुन धर्म मान्दछौ ? तिम्रो धर्मले अपनाएका कल्याणकारी कुराहरूको बयान गर ।

(ख) हाम्रो देशका मानिसहरूमा भएको धार्मिक सहिष्णुताको उदाहरण दिएर प्रष्ट पार ।

२. तलका वाक्यहरूमा सबभन्दा बढी कुन ठीक हो, पढेर पत्ता लगाऊ

(क) धार्मिक सहिष्णुताले झगडा उत्पन्न गर्छ ।

(ख) धार्मिक सहिष्णुताले विश्वास र विचारमा समन्वयता ल्याउँछ ।

(ग) धार्मिक सहिष्णुताले धर्ममा फाटो ल्याउँछ ।

(घ) धार्मिक सहिष्णुताले ज्ञानको अभिवृद्धि गर्छ ।

३. तलका वाक्यहरूको खाली ठाउँमा सबभन्दा मिल्ने शब्द राखी वाक्य पूरा गर

(क) हिन्दूहरू.....मा गई पूजा गर्छन् (चैत्य, मन्दिर, मस्जिद)

(ख) धर्ममा ठूलो सानोको भेदभावले समाजमा.....उत्पन्न हुन्छ ।
(भिन्नता, एकता, शत्रुता)

ईश्वरीय अवतार

हामी यो देशका नागरिक हौं । नागरिकविना देश रहँदैन, तर देशका लागि नागरिकले गर्नुपर्ने कर्तव्यहरू धेरै हुन्छन् । यी कर्तव्यहरू पालना गर्नाले मात्र हामी हाम्रो अधिकार पाउँछौं । यसैले कुनै पनि देशको नागरिकको लागि कर्तव्य र अधिकार एक अर्काका पूरक हुन् ।

हामी राष्ट्रका सेवक हौं । यो देशको नियम, कानुन र मर्यादामा आफूलाई राख्ने देश र नरेशको सेवा गर्छौं । यसरी हामीले कर्तव्यको पालना गर्नाले राष्ट्रले पनि हामीलाई सुरक्षा प्रदान गर्छ । राष्ट्रबाट सुरक्षा प्राप्त गर्नु हाम्रो अधिकार हो । सुरक्षा प्रदान गर्नु राष्ट्रको कर्तव्य हो । यस्तै प्रकारले आफ्ना सृष्टिका संपूर्ण जीव-जीवात्माहरूको रक्षा गर्नु पनि ईश्वरको कर्तव्य हो । किनभने हामी ईश्वरका सृष्टि हौं र उनकै नियम पालन गरी हामी बाँचिरहेका छौं । यसैले जब-जब यस पृथ्वीमा अन्याय बढ्दै जान्छ, दुष्टहरूबाट सज्जनहरू पीडित हुँदै जान्छन् र जनताका बीच शान्ति भङ्ग हुन्छ अनि ईश्वरले कुनै न कुनै स्वरूप लिएर सज्जनहरूको कल्याण गर्छन् र दुष्टहरूको नाश गर्छन् । ईश्वरबाट गरिने यी सबै कार्यहरू हाम्रै कल्याणका लागि गरिएका हुन् । यसैले गीतामा भगवान् श्री कृष्णले अर्जुनलाई भनेका छन्–

यदा यदाहि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं श्रृजाम्यहम् ।।

यसको अर्थ हो – "हे अर्जुन ! जब-जब यस लोकबाट धर्म हराउँदै जान्छ र पापहरू बढ्दैजान्छन् त्यसको रक्षाका लागि बेलाबेलामा म जन्म लिनेछु ।"

अनि फेरि अर्को ठाउँमा भनेका छन् –

परित्राणाय साधूनां विनाशायचदुष्कृताम् ।
धर्म संस्थापनार्थाय संभवामि युगे युगे ।।

यसको अर्थ हो– "जब मैले आफ्नो विभिन्न स्वरूप लिएर धर्म स्थापनाका लागि बेला-बेलामा जन्म लिन्छु, त्यस बेलामा मेरो कर्तव्य साधुहरूको रक्षा गर्ने र दुष्टहरूको नाश गर्नु नै हुनेछ ।

यसैले ईश्वर कल्याणकारी छन् । हामी मानवमात्रको रक्षा गर्नु उनको कर्तव्य हो । आफ्नो यसै कर्तव्य अनुरूप नै ईश्वरले बेलाबेलामा विभिन्न अवतारहरू लिएर हाम्रो कल्याण गरेका छन् । यी अवतारहरू दश अवतार मानिएका छन् । ती दश अवतारहरू हुन्–

मत्स्य कूर्मो वराहश्च नृसिंहो वामनस्तथा ।।
रामो रामस्य रामश्च (कृष्ण) बुद्धः कल्कि तथैवच ।।

यिनीहरू यस प्रकार छन्– (१) मत्स्य अवतार (२) कुर्म अवतार (३) वराह अवतार (४) नृसिंह अवतार (५) वामन अवतार (६) परशुराम अवतार (७) श्रीराम अवतार (८) कृष्ण अवतार (९) बुद्ध अवतार (१०) कल्कि अवतार ।

अब हामी यी दश अवतार लिएर भगवान्ले कुनकुन बखतमा के के काम गरे भन्ने विषयमा केही जानौं ।

मत्स्य (माछो) अवतार

एकचोटिको कुरा हो । स्वर्ग, मर्त्य दुवै लोकमा दानवहरूले दुःख दिन थाले । शंखाशुर नाम गरेको दानवले हाम्रा सारा वेदहरू चोरेर लग्यो । यो अन्यायलाई पृथ्वीले सहन नसकी यहाँ प्रलय हुने भयो । सम्पूर्ण पृथ्वी समुद्रमा डुब्यो । यस अवस्थामा भगवान्ले मत्स्य अवतार लिएर पृथ्वीलाई डँडाल्नुमा राखी समुद्रबाट माथि उतारे । हाम्रो सारा ज्ञानको भण्डार वेद दानवको हातबाट खोसियो । दानव गणहरू समुद्रमा नाश भए ।

कुर्म (कछुवा) अवतार

देव र दानव बीचको कुरा हो । दानवहरूले देवताहरूलाई सबै कुरामा धेरै दुःख दिन थाले । यस अवस्थामा देवताहरू धेरै दुखित भएर भगवान्हरूकहाँ शरण पर्न गए । भगवान्ले

देव र दानव मिली समुद्र मंथन गरी अमृत निकाल्ने सल्लाह दिए । यस अमृतबाट देवताहरूको रक्षा गर्न पनि उनले वचन दिए।

देवता र दानव मिली समुद्र मंथन हुन लाग्यो । त्यसका लागि वासुकि नागको नेती र मन्दराचल पर्वतलाई मदानी बनाइयो, तर समुद्रले मन्दराचल पर्वतलाई थाम्न सकेन । यस अवस्थामा भनगवान्ले कछुवाको रूप धारणा गरेर मन्दराचल पर्वतलाई माथि उठाई देवताहरूको कार्य सिद्धि गरिदिए।

वराह (बँदेल) अवतार

एक समयको कुरा हो । पृथ्वी समुद्रमा डुब्यो । पृथ्वीमा कोही प्राणी रहेनन् । प्राणी-विनाको पृथ्वी शून्य भयो । यस अवस्थामा सृष्टिकर्ता ब्रह्माले आफ्नो नाकबाट एउटा ज्यादै सानो प्राणी निकाली भुईंमा फ्याँकिदिए । यो प्राणी बढ्दैबढ्दै गयो र एउटा अजङ्गको बँदेलको रूप लियो । यसै बँदेलले आफ्नो दुई दाह्राको बलले समुद्रमा भासिएको पृथ्वीलाई माथि निकाली पृथ्वीको उद्धार कार्य गरयो।

नृसिंह अवतार

हिरण्य कशिपु नाम गरेको एक दानव राजा थिए। उनका प्रल्हाद नाम गरेका छोरा थिए । प्रल्हाद ईश्वर भक्त थिए, तर हिरण्य कशिपुनाई छोराको यो कार्य मन पर्दैनथ्यो। उनी तिनै लोकको मालिक आफूलाई नै संझिन्थे । आफ्नो दुष्टचाईंले साराका सारालाई दुःख दिन्थे । यहाँसम्म कि आफ्नै छोरा प्रह्लादको ईश्वर भक्तिदेखि रिसाएर उनीलाई अनेक तरहले दुःख दिए। उनको अन्याय बढ्दै गयो। यो देखी भगवान्ले नृसिंह अवतार लिएर हिरण्य कशिपुलाई नाश गरी प्रह्लादलाई बचाए।

वामन अवतार

कश्यप ऋषिका दिति र अदिति नाम गरेका दुइटी पत्नी थिए । दितिपट्टिका सन्तान दानव भए । अदितिका सन्तान देवताहरू भए, तर दानवहरू देवताहरूलाई दुःख दिइरहन्थे । उनीहरूमा आफ्नो शक्तिको निकै घमण्ड थियो । यी दानवहरूमा बलि नाम गरेका एक राजा थिए । उनी महादानी थिए।

आफ्ना छोराहरूलाई दानवहरूले दुःख दिएको देखेर अदितिले आफ्ना पति कश्यपसँग उनीहरूको उद्धारका लागि अनुरोध गरिन् । कश्यपै सल्लाह बमोजिम उनले पयोव्रत लिइन् । यस व्रतको प्रभावले उनको गर्भबाट वामन अवतार भगवान्को जन्म भयो । उनै भगवान्बाट बलिको घमण्ड नाश गरी देवताहरूको रक्षा भयो ।

परशुराम अवतार

एक समयको कुरा हो । स्वर्ग, मर्त्य दुवै ठाउँमा क्षत्रियहरूको अत्याचार बढ्दै गयो । त्यसमा पनि कार्तवीर्य अर्जुन नाम गरेका एक राजाले साह्रै दुःख दिन थाले । उनको हजार ओटा हात थिए । त्यसैको बलमा उनी सबैलाई दुःख दिने गर्दथे । उनको यो अत्याचार सहन नसकी ऋषिमुनिहरू र स्वर्गका राजा इन्द्रसमेतले भगवान् विष्णुकहाँ गई आफ्ना दुःख पुकारा गरे । भगवान् विष्णुले एउटा पराक्रमी ब्राह्मणको रूप लिई पृथ्वीलोकमा जन्मेर उसको नाश गर्ने वचन दिए । त्यस वचन पालना गर्न जमदग्नि ऋषिका छोरा भई परशुरामको जन्म भएको थियो । उनकी आमाको नाम रेणुका हो ।

परशुरामको पहिलेको नाम राम मात्र थियो । उनले शिवको तपस्या गरी "परशु" नाम गरेको एउटा शक्तिवान् बन्चरो प्राप्त गरेका थिए । त्यसै बन्चरोको शक्तिले उनलाई संसारका कुनै पनि वीर पुरुषले हराउन नसक्नेसमेत शिवले वरदान दिएका थिए । त्यसै बेलादेखि मात्र उनको नाम परशुराम रहन गएको हो ।

कार्तवीर्य अर्जुनका छोराहरू पनि अन्यायी र अत्याचारी थिए । उनीहरूले जमदग्निको हत्या गरिदिए । आफ्ना बाबुको हत्यामा परशुराम सारै रिसाए र संपूर्ण क्षेत्रियहरूको नाश गर्दै हिंडे, तर उनको रीसको झोकमा सज्जन क्षत्रियहरूको पनि नाश हुन लाग्यो । यो स्थितिमा पृथ्वी साह्रै डराइन् र कश्यप ऋषिकहाँ गई परशुरामको रिस थामी सज्जनहरूको रक्षा गर्न अनुरोध गरिन् । कश्यपको तपस्याले परशुरामको रिस शान्त भयो। यसरी उनले दुष्टहरूबाट पृथ्वीको भार शान्त गरी फेरि तपस्या गर्न महेन्द्र पर्वततिर लागे।

श्रीराम अवतार

त्रेतायुगको कुरा हो । अयोध्याका राजा दशरथकी जेठी महारानी कौशल्याको गर्भबाट भगवान् श्रीरामको जन्म भयो । उनको विवाह मिथिला देशका राजा जनककी छोरी सीतासँग भयो । त्यस बेलामा लंकाको राजा रावणले सबै ठाउँमा अन्याय र अत्याचार गरी देवताहरूलाई समेत दुःख दिइरहेका थिए । श्रीरामको वनवासको समयमा स्वयं सीतालाई समेत रावणले हरेर लंका पुऱ्याए । रावणका यी सबै दुष्ट कार्यहरूबाट मुक्ति दिई साधुहरूको रक्षाका लागि नै श्रीरामले रावणसँग युद्ध गरे । रावण लगायत सारा दुष्ट दानवहरूको नाश भयो । स्वर्ग, मर्त्य दुवै ठाउँमा भगवान् श्रीरामको जयजयकार मनाइयो । सीतालाई लिई चौध वर्षको वनवासपछि उनी अयोध्या फर्किए । अनि अयोध्याका सारा जनतालाई सुख शान्ति दिई उनले धेरै कालसम्म राज्य गरे । उनको समयलाई अहिलेसम्म पनि राम राज्य भन्ने मनाइ छ ।

कृष्ण अवतार

त्रेतायुगपछि द्वापर युगको शुरू भयो । त्यस समयमा मथुरा भन्ने शहरमा दानवराज कंसले राज्य गर्दथे । उनी पनि बडो अन्यायी र अत्याचारी थिए । उनको कार्यले स्वर्ग, मर्त्य सबै ठाउँमा मानिस दुःखमा पिल्सिरहेका थिए। यसै बखत वसुदेवकी पत्नी देवकीको गर्भबाट भगवान् श्री कृष्णको जन्म भयो । देवकी कंसकी बहिनी थिइन् । देवकीको गर्भबाट जन्मेको सन्तानले आफूलाई मार्ने कुरा कंसलाई पहिले नै थाहा थियो । यसैले उनले देवकीको गर्भबाट जन्मनासाथ सबै बच्चाहरूलाई मारिदिने गर्दथे, तर श्रीकृष्णलाई भने उनले मार्न सकेनन् । किनकि उनी स्वयं भगवान् थिए र उनै भगवान्बाट कंसको नाश भयो।

उनै श्री कृष्णले महाभारतकालमा पाण्डवको पक्ष लिई दुष्ट कौरवहरूको पनि नाश गरे। असत्यमाथि सत्यको विजयको यो घटना एउटा ठूलो उदाहरण मानिन्छ । यस महाभारतको लडाईंमा श्री कृष्णले अर्जुनलाई दिएको उपदेश गीतालाई हिन्दूहरूको महान् ग्रन्थ मानिएको छ ।

बुद्ध अवतार

आजभन्दा करीब छब्बीस सय वर्षअघि हाम्रै देश नेपालको कपिलवस्तु भन्ने ठाउँमा भगवान् बुद्धको जन्म भएको थियो । उनी शाक्य वंशी राजा शुद्धोदनका छोरा थिए । उनकी आमाको नाम मायावती थियो ।

बुद्ध केटाकेटी अवस्थादेखि नै मानिसहरूले पाउने अनेक प्रकारका दुःखहरूको बारेमा सोची रहन्थे । यी सबै दुःख–पीडालाई कसरी हटाउन सकिन्छ भन्नेतर्फ मात्र उनको मनमा लागि रह्यो । दरबारको सुखसयल र आराममा उनको मन भुल्न सकेन । यसैले एक दिन राती उनी आफ्नो दरबारबाट भागी ज्ञानको खोजीमा लागे । यस खोजीमा उनी निकै ठाउँ घुम्दै हिंडे । आखिर भारतको गया भन्ने ठाउँमा एउटा पिपलको बोटमुनि बसेर एकाग्र मनले उनी ध्यान गर्न लागे । धेरै वर्षको कठोर तपस्यापछि उनलाई ज्ञान प्राप्त भयो । आपसी प्रेम, शान्ति, अहिंसा र सदाचार नै उनले प्राप्त गरेका मुख्य ज्ञानहरू हुन्। यिनीहरूको पालना गर्नाले नै मानिस सबै दुःखबाट मुक्त हुन्छन् भन्ने उनको उपदेशले नै आज संसारमा बुद्ध धर्मको नाम लिएको छ । यसरी नै बुद्धले ज्ञानको ज्योति फैलाई संसारका मानिसहरूको कल्याण गरेका छन् ।

कल्कि अवतार

भगवान्को यो अवतार कलियुगको अन्त्यमा प्रकट हुने कुरा हाम्रा पुराणहरूमा उल्लेख छ। त्यस बखतसम्ममा यो संसारमा ज्यादै अन्याय बढ्ने छ । दुष्टहरूको दिग्विजय हुनेछ । सत्यको नाश हुनेछ र संसारमा अनेकन् उपद्रवहरू मच्चिने छन् । पृथ्वी स्वयं डगमगाउने छिन् र यी

सबबाट बचाउन मानिसको रूपमा भगवान्को जन्म हुनेछ । त्यो समय आउन अझै चार लाख छब्बीस हजार, नौ शय वर्षजति बाँकी भएको अनुमान छ। किनकि आजसम्म कलियुगको पाँच हजार वर्षजति मात्र व्यतीत भएको छ । यस हिसाबले कलियुगको आयु जम्मा चार लाख बत्तीस हजार जति मानिएको छ।

अभ्यास

१. ईश्वर कल्याणकारी छन् भन्ने कुराको आफ्नै शब्दमा पुष्टि गर।

२. भाव व्यक्त गर

यदा यदाहि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं श्रृजाम्यहम् ।।

३. खाली ठाउँमा थपेर श्लोक पूरा गर

.....साधूनां विनाशायच.....।
धर्मं ..... संभावामि ..... युगे ।।

४. भगवान्का दश अवतारका श्लोक कण्ठ सुनाऊ ।

५. भगवान्का दश अवतारमा कुनकुन अवस्थाभा उनले के के गरे, छोटो बयान गर ।

पाठमा परेका गाह्रा शब्दहरू

शब्द	अर्थ
व्याप्त –	फैलिएको
ईश्वरत्व –	ईश्वरीय गुण, ईश्वरीय स्वरूप
त्रिमूर्ति –	तीन रूप भएको, ब्रह्मा, विष्णु र महेश्वर
अनुयायी	पालना गर्ने, पछि लाग्ने
सारतत्त्व –	मुख्य कुरा
समन्वयात्मक –	एक अर्कोमा मिल्नसक्ने
सहिष्णुता –	सहनशीलता
सुसंस्कृत –	सभ्य
नेती –	दही मथ्दा वा मोही पार्दा मदानीमा लगाइने डोरी, जसको सहायताले मदानी घुम्दछ
मदानी –	दही मथ्दा वा मोही पार्दा ठेकीमा हाली हल्लाइने काठ
पिल्सिनु –	मनमनैमा ज्यादै दुखित भएर बस्नु
एकाग्र –	मन वा चित्तलाई एउटै कुरामा नियन्त्रण गर्नु
दिग्विजय –	सबैलाई जित्नु
उपद्रव –	अन्याय, मदमाशी, नराम्रा कामहरू

आत्म अनुशासन

सादा जीवन उच्च विचार

सादा जीवन बिताउनु र उच्च विचार लिनु मानिसको ठूलो गुण हो । यही गुणले गर्दा नै उनीहरू ज्ञानी, महात्मा आदि कहलाउँछन् । हाम्रा वैदिक कालका ऋषिमुनिहरू यस्तै सादा जीवन बिताउँथे । जंगल, झुपडी वा साधारण आश्रममा बस्थे । कन्दमूल र फलफूलहरू खान्थे। साधारण लुगा लगाउँथे, तर उनीहरूको विचार उच्च थियो । प्राणीमात्रको भलाइ र सुखको लागि उनीहरू सोच्दथे । उनीहरूबाटै रामायण, महाभारतजस्ता ग्रन्थहरू लेखिए । वेद, उपनिषद र पुराणहरू लेखिए । यी वेद, उपनिषद र पुराणहरू हाम्रो सभ्यता र संस्कृतिका भण्डार हुन् ।

हामीले पनि यस्तै सादा जीवन बिताउन जान्नुपर्दछ । सफा र साधारण लुगा लगाउनुपर्दछ । आफूलाई हानि गर्ने खानेकुराहरू खानुहुँदैन । आफ्नो धर्म र संस्कृतिले नदिएको कुराहरू गर्नुहुँदैन । यसबाट हाम्रो कल्याण हुन्छ ।

तडकभडक र विलासी जीवन बिताउनु उचित होइन । तडकभडक र विलासिताले मानिसको जीवनमा नराम्रो प्रभाव पर्दछ । यस्तो मानिसलाई जीवनमा अफ्नो कर्तव्यको पालना गर्न गाह्रो पर्दछ। उसलाई यही तडकभडक र विलासी जीवनले ज्ञानको अन्धो तुल्याउँछ। यसर्थ उच्च विचार लिएर सादा जीवन बिताउनु नै हामी सबैको लागि श्रेयस्कर छ । यस्ता मानिसहरूमा हामी गौतम बुद्ध र महात्मा गान्धीलाई पनि लिन सक्छौं ।

गौतम बुद्ध

आजभन्दा करीब छब्बीस सय वर्षअघि गौतम बुद्धको जन्म भएको थियो । उनी हाम्रै देश नेपालको कपिलवस्तु भन्ने ठाउँका राजा शुद्धोदनका छोरा थिए । उनको बालककालको नाम सिद्धार्थ गौतम थियो ।

गौतमलाई दरबारको खुससयल र सुविधामा कुनै कुराको कमी थिएन, तर उनी सादा जीवन बिताउन चाहन्थे । मानिसहरूले पाइरहेका अनेक थरीका दुःखहरूलाई देखेर सोचिरहन्थे । उनीहरूको यही दुःखलाई हटाउने उपाय पत्तालगाउन

एक दिन उनी दरबार छोडेर हिंडे । उनलाई आफ्नो राजपाट, स्वास्नी र छोराको समेत वास्ता भएन ।

उनी ज्ञानको खोजीको लागि ठाउँठाउँ घुम्दै हिंडे । यसको लागि उनले ठूलो तपस्या गरे । आखिर उनलाई यो ज्ञान प्राप्त भयो । आफूले पाएको ज्ञानलाई उनले अरूहरूलाई पनि सुनाउँदै हिंडे । मानिसहरूले उनको भनाइलाई उपदेशको रूपमा ग्रहण गरे । उनको यही उपदेश आज संसारमा बुद्ध धर्मको नामले प्रचलित छ । प्रेम, शान्ति, अहिंसा र सदाचार नै बुद्धले दिएका उपदेश हुन् । यी कुराहरू प्राप्त गर्न मानिसले सरल जीवन बिताउनुपर्दछ भन्ने उनको विचार रहेको छ ।

महात्मा गान्धी

महात्मा गान्धीको जन्म भारतको पौरबन्दर भन्ने ठाउँमा ईस्वी संवत् १८६९ मा भएको थियो । उनको बाल्यकालको नाम मोहनदास करमचन्द गान्धी हो ।

गान्धी केटाकेटीदेखि नै ज्ञानी र असल स्वभावका थिए । उनी निकै मिहिनेतसाथ पढ्थे । उनले बेलायतमा गएर उच्च शिक्षा हासिल गरेका थिए । त्यसपछि उनी एउटा ठूला वकिल बने ।

त्यस बेला भारतमा अंग्रेजहरूले शासन गरेका थिए । अफ्रिकामा काला जातिका हब्शीलाई यिनै गोरा अंग्रेजहरूले निकै सताइरहेका थिए, तर यो कुरा उनलाई ठीक लागेन । उनी अफ्रिका गएर मानव कल्याण र रङ्गभेद नीतिको विरुद्धमा लडे । आफ्नो देशलाई अंग्रेजको शासनबाट मुक्ति दिलाउन अनेकन दुःखहरू भोगे, तर पनि उनले हार खाएनन् । आखिर भारत स्वतन्त्र भयो । यसरी भारत स्वतन्त्र हुनुमा उनको ठूलो हात छ ।

गान्धीले सधैंभरि ज्ञानी र महात्मा बनेर जीवन बिताए । उनी केवल धोतीमात्र लगाउँथे । भुईंमा हालेको एउटा साधारण ओछ्यानमा सुत्दथे । माछा, मासु, चुरोट, बिँडी, जाँड, रक्सी कहिल्यै खाँदैनथे । मानिसहरूलाई ज्ञानगुनका कुराहरू सुनाउँथे । सहनशीलता, दया, प्रेम र सत्यमा उनीहरूलाई बाँच्न सिकाउँथे । अन्याय र अत्याचारको विरुद्धमा शान्तिपूर्वक लड्थे । उनका यस्तै सादा जीवन र उच्च विचारले गर्दा संसारले उनलाई महात्मा गान्धीको नामले चिन्दछ ।

अभ्यास

१. (क) सादा जीवन उच्च विचारको तात्पर्य बताऊ ।

(ख) गौतम बुद्ध र महात्मा गान्धीको छोटो जीवनी लेख र उनीहरूको कार्यबाट के कस्तो प्रेरणा लिन सकिन्छ, सुनाऊ ।

२. तलका वाक्यहरूमा ठीक, बेठीक छुट्टयाऊ

(क) वैदिक कालका ऋषिमुनिहरू सरल जीवन बिताउँथे र उच्च विचार लिन्थे ।

(ख) विलासी जीवनले मानिसमा उच्च बिचार पैदा गर्छ ।

(ग) विलासी जीवनले मानिसलाई ज्ञानको अन्धो तुल्याउँछ ।

३. सरल जीवन र विलासी जीवनबारे कक्षामा समूह बनाई तर्कपूर्ण वादविवाद गर ।

आफ्नो भर आफैं गरौं

कमाउन् खाउन् आफैंले
हात खुट्टा छ साथमा ।
अरूको भरमा मात्रै
बाँच्नु जीवन व्यर्थमा ।।

हामी स्वावलम्बी बनौं । आफ्नो काम आफैं गरौं । अरूको भरमा कहिल्यै नबसौं । अरूको भरमा बाँच्नु त हाम्रो जीवन व्यर्थ तुल्याउनु हो । हामीलाई माथिको कविताले यही संदेश दिन्छ ।

स्वावलम्बी हुनु मानिसको एउटा ठूलो गुण हो । यस्तो मानिसले कहिल्यै अरूको भरमा बस्नपर्दैन । अरूले गरिदेलान् कि भनेर मुख ताक्नुपर्दैन । ऊ आफूले सकेको काम आफैं गर्छ । अरूको काममा पनि मद्दत गरिदिन्छ । आफूले गरेको राम्रो कामबाट ऊ सधैं प्रसन्न रहन्छ । उसका सब कामहरू सफल हुन्छन् । उसले जिन्दगीमा कहिल्यै दुःख पाउनुपर्दैन । उसको मिहिनेतीमा सबैले उसको तारिफ गर्छन् ।

तर अरूको भर गर्ने मानिस सधैं दुःखी हुन्छ । ऊ अलिछ पनि हुन्छ । उसले जुनसुकै काम पनि अरूको भरमा पर्नुपर्दछ । उसको काम सफल हुन गाह्रो पर्दछ ।

अब हामी यस सम्बन्धमा एउटा कथा पढौं–

राम र श्याम दुई दाजुभाइ थिए । उनीहरूका बाबुआमा कोही थिएनन् । उनीहरू ज्यादै गरीब पनि थिए । यसैले उनीहरूलाई बिहान बेलुका खान पनि मुश्किल थियो ।

यी दुई दाजुभाइमा राम मिहिनेती थियो । ऊ जे काम गर्न पनि गाह्रो मान्दैनथ्यो । तर श्याम भने अल्छी थियो । उसलाई कुनै काम गर्न मन लाग्दैनथ्यो ।

एक दिन रामले श्यामलाई भन्यो "भाइ हामी गरीब छौं । हाम्रा बाबुआमा पनि छैनन् । हामीले गरी खाने खेतबारी पनि छैन । यसैले हिंड, कुनै कामको खोजीमा जाउँ र कमाएर खाउँ ।"

तर श्यामले दाजुको कुरा मानेन । उसले भन्यो, "काम गरेर कसले दुःख गरोस् दाजु, बरु मागि हिंड्यो भने काम पनि गर्नुपर्दैन, त्यसै खान पनि पाइन्छ । मत जान्न काममा । भैंगो, तिमी नै जाऊ ।"

"ल हुन्छ त, म काम खोज्न जान्छु, तिमी अब आफूलाई मन लागेको कुरा गर "भन्दै राम दिक्क भएर कामको खोजीमा हिंड्यो । ऊ मिहिनेती थियो, ईमानदार थियो। यसले उसले राम्रो काम पायो । उसको काम र ईमान्दारी देखेर उसको मालिक ऊदेखि अति खुशी भए । उसको जागिर पनि बढ्दै गयो । केही वर्षपछि उसले निकै पैसा कमायो । यसबाट उसले एउटा राम्रो घर बनायो । एउटी राम्री दुलही विवाह गरयो र सुखले दिन बिताउन थाल्यो ।

उता श्याम भने सडकमा माग्ने केटाहरूसँग मिलेर मागी हिंड्न थाल्यो । कहिलेकाहीं त कसैले उसलाई पाँच दश पैसा दिन्थे, तर धेरैजसो बेला उसको खाली हात मात्र हुन्थ्यो । सबैले उसलाई "यसरी मागी खाने हो केटा, जा गएर कुनै काममा लाग्, अनि त पैसा आइ-हाल्छ नि" भनेर हप्काउँथे, तैपनि ऊ ङिच्च दाँत ङिच्याउँथ्यो र हात थाप्थ्यो, तर मानिसहरूले झन् उसलाई गाली गर्थे । उसले खानसमेत पाएन । उसलाई दुःख गरेर अरू काम पनि गर्न मन लाग्दैनथ्यो । खराब केटाहरूको संगतले गर्दा ऊ चोर र बगलीमारा पनि बन्यो । उस-लाई धेरै मानिसहरूले कुटे । आखिर उसको खराब बानीले गर्दा प्रहरीले उसलाई थुन्यो । उसले जीवनमा ठूलो दुःख पायो । यसैले भनेको पनि छ–

लाग सत्कर्ममा नित्य
स्वावलम्बी बनी तिमी ।
त्याग दुर्जनको संगत
बनी ज्ञानी र सद्गुणी ।।

अभ्यास

१. (क) राम र श्यामको जीवनी तुलना गरी उनीहरूमा आएको भिन्नताको कारण पत्ता लगाऊ ।

(ख) स्वावलम्बनको महत्त्वलाई प्रष्ट पारी लेख ।

२. यस पाठमा भएका कविताहरू सुनाई यिनीहरूको भाव व्यक्त गर ।

आत्म संयमी बनौं

आफू र आफ्नो व्यवहारलाई नियन्त्रणमा राखेर काम गर्नुलाई आत्म नियन्त्रण भन्दछन् । आत्म नियन्त्रण भन्नु आत्म संयम हो । आत्म संयमले नै मानिसलाई मन, वचन र कर्मबाट चोखो राख्दछ। उसलाई सधैं सत्मामार्गमा लगाउँछ । आत्म संयमविनाको मानिसविना लगामको घोडा हुन्छ। ऊ जहाँ पनि जानसक्छ, जे काम पनि गर्न सक्छ, तर समाज र सामाजिक परिवेशभित्र यस किसिमले बाँच्न गाह्रो पर्दछ । यसर्थ समाजमा मिलेर बस्नको लागि आत्म संयमको खाँचो पर्दछ ।

आत्म संयम मनको उपज हो । यसैले मनलाई सधैं स्वच्छ र सफा राख्नुपर्छ । यसो भएमा मात्र मानिस विचारशील, सहनशील, दयालु, जिज्ञासु र विनम्र स्वभावको हुन्छ ।

विचारशीलता

ईश्वरको सृष्टिमा मानिस सबभन्दा विचारशील प्राणी हो । उसको यस विचार गर्ने शक्तिले नै ऊ प्राणीहरूमा सर्वश्रेष्ठ मानिएको हो ।

आज पनि मानिसको यही विचार गर्ने शक्तिले र उसको सोचाइले गर्दा ठूलाठूला कामहरू भएका छन् । मानिसहरूको सुखसुविधाको लागि नयाँनयाँ कुराहरूको पत्ता लागेको छ । नयाँनयाँ आविष्कारहरू भइरहेका छन् । दिनपर दिन विश्व विकसित हुँदै गइरहेको छ ।

तर मानिस स्वार्थी बन्नुहुँदैन । उसले आफ्नो लागि मात्र विचार गर्नुहुँदैन । आफूजस्तै अरूहरूको लागि पनि विचार गर्नुपर्दछ । अरूलाई पनि आफूजस्तै संझिनुपर्छ । सबैलाई "वसुधैव कुटुम्बकम्"को दृष्टिले हेर्नुपर्छ । जे काम गर्दा पनि सोची विचारी राम्रो नराम्रो हेरेर मात्र गर्नुपर्छ । हत्पतमा त्यसै कुनै काम गर्नु पनि ठीक हुँदैन । सबै काम बुद्धि पुरयाएर गर्नु राम्रो हुनेछ ।

विनम्रता

मानिस जहिले पनि नम्र स्वभावको हुनुपर्छ । जुनसुकै अवस्थामा जोसुकैसँग पनि नम्र व्यवहार गर्नुपर्छ । कोहीसँग पनि रिसाउने र झगडा गर्ने काम गर्नुहुँदैन । किन भने रिस र झगडाले कसैको पनि भलो गर्दैन । यो नै हाम्रो दुःखको मूल कारण हो ।

यसर्थ हामी सबैले घर, परिवार र समाजमा मिलेर बस्नका लागि नम्र स्वभावको हुनु आवश्यक छ । सबैसँग मीठो र राम्रो बोलि बोल्नुपर्छ । सबैलाई मान मिजास गर्नुपर्छ । नम्र स्वभाव हुने मानिसलाई जोसुकैले पनि मन पराउँछन् । उसलाई सबैले माया गर्छन् । यो

मै हाम्रो शिष्ट स्वभाव हो । शिष्ट स्वभावले हामीलाई उपकारी गुणी व्यक्ति बनाउँछ । यस्तो व्यक्ति जहिले पनि विनम्र स्वभावको हुन्छ । यस्ता व्यक्तिलाई लिएर कवि शिरोमणि लेखनाथ पौड्यालले लेख्नुभएको छ —

उपकारी, गुणी व्यक्ति निहुरिन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र।

सहनशीलता

सहनु मानिसको ठूलो गुण हो । यही गुणले गर्दा नै ऊ ठूलो मानिस बन्छ। ऊ कसैदेखि रिसाउँदैन कसैसँग चित्त दुखाउँदैन । र उसले अरूको पनि चित्त दुख्ने काम गर्दैन । अरूले आफूमाथि दुर्वचन बोलेमा वा आफूलाई मर्का पर्ने कुनै व्यवहार गरेमा पनि चूपचाप सहन्छ । यस्तो मानिस दुःखमा आत्तिदैन । सुखमा खुशी पनि हुँदैन । दुःख सुख सबै अवस्थामा धैर्यपूर्वक विचारसाथ काम गर्छ । जीवनका सबैक्षणहरूलाई बराबरी देख्छ । यसरी सहनशील भएर कार्य गर्नाले जीवन सुखी हुन्छ । हामीलाई गौतम बुद्ध र महात्मागान्धी जस्ता महामानवले पनि यही पाठ पढाएका छन् ।

दया प्रेम हो । प्रेमबाट नै दया उत्पन्न हुन्छ । यही दया र प्रेम भावले नै हामीलाई जीवनमा बाँच्न सिकाउँछ । आपसी सहयोग बढाउँछ । यसैले हामीले अरूप्रति दया गर्नुपर्छ । निर्बल र निस्सहायहरूको रक्षा गर्नुपर्छ । यसबाट हाम्रो कल्याण हुन्छ ।

आफूप्रति आश्रितहरूको लागि दया गर्नु हाम्रो ठूलो कर्तव्य हो । यसबाट ईश्वर पनि खुशी हुन्छन् । यस सम्बन्धमा एउटा चाखलाग्दो कथा जानौं ।

कुन्तीका छोरा पञ्चपाण्डवहरू स्वर्ग जानको लागि हिमालयको बाटो गरी हिंडे । तर उनीहरूका साथमा एउटा कुकुर पनि पछि लाग्यो। जाँदाजाँदै युधिष्ठर बाहेक अरू चार भाइको बाटैमा निधन भयो । तर युधिष्ठिरलाई भने स्वर्गका देवता इन्द्र रथ लिएर बाटैमा लिन आइपुगे । उनले युधिष्ठिरलाई रथमा बसी जिउँदै स्वर्गजाने आग्रह गरे । युधिष्ठिरले आफू माथि आश्रित त्यस कुकुरलाई पनि आफूसँगै स्वर्ग लैजाने इच्छा प्रकट गरी इन्द्रसँग बिन्ती गर्दै भने, "देवराज ! यदि मैले आफ्नो स्वार्थको लागि यो कुकुरमाथि दया नगरी म आफू मात्रै स्वर्ग गएँ भने योभन्दा नीच काम मेरो अरू कुनै हुने छैन। यसर्थ यस कुकुरलाई छोडी म स्वर्ग जान पनि चाहन्न ।"

युधिष्ठिरले त्यस कुकुरमाथि गरेको दयाप्रति इन्द्र पनि खुशी भए । उनले त्यस कुकुरलाई पनि साथै स्वर्ग लगे ।

यसैले हामी सबैमा प्राणीहरूमाथि यस प्रकारको दयाभाव हुनुपर्छ। किनकि हामी ईश्वरका अंश हौं । ईश्वर दयालु छन् र हामी पनि दयालु छौं ।

जिज्ञासा

मानिस चेतनशील प्राणी हो। उसमा विचार गर्ने शक्ति हुन्छ। सोच्ने शक्ति हुन्छ। यही शक्तिले नै उसमा नयाँनयाँ कुराहरू जान्ने, नयाँनयाँ कुराहरूको खोजी गर्ने जिज्ञासा पैदा हुन्छ । यसबाट नै उसको व्यक्तिगत प्रतिभाको विकास हुन्छ । व्यक्ति-व्यक्तिमा यसप्रकारको प्रतिभाको विकास हुँदै गएपछि अन्त्यमा सम्पूर्ण समाजको नै विकास हुन्छ ।

मानिसमा जिज्ञासाको कारणबाट नै नयाँनयाँ कुराहरूको अध्ययन र खोजी गर्ने प्रवृत्ति बढ्छ । ग्यालिलियो, न्यूटन, आइन्स्टाइन जस्ता वैज्ञानिकहरूको जिज्ञासाबाट नै आज संसारमा विज्ञानको यति उन्नति हुन सकेको हो । त्यसपछि पनि अरू धेरै वैज्ञानिकहरूबाट धेरै कुराहरूको खोजी भइरहेका छन् । यिनै खोजीबाट आज मानिसले चन्द्रमामा पाइला टेकिसकेका छन् । शुक्र, बृहस्पति जस्ता अरू अरू ग्रहमा समेत पुग्न कोशिश गर्दैछन् । यी सब कुराहरू मानिसमा हुने जिज्ञासाको परिणाम हो ।

यसैले हामी हरेक मानिसमा जिज्ञासा हुनु एउटा स्वाभाविक गुण हो । हामीले नजानेको कुरा जान्नुपर्छ । थाहा नभएको कुरो थाहा पाउनुपर्छ । आफूभन्दा जान्नेसँग सिक्नुपर्छ । आफूभन्दा नजान्नेलाई सिकाउनुपर्छ । किनकि हामीले जीवनमा सिक्नुपर्ने धेरै कुराहरू छन्, तर आफूलाई फाइदा नहुने र अरूको कुभलो हुने काममा भने जिज्ञासा राख्नु राम्रो होइन ।

मादक पदार्थबाट हुने बेफाइदा

मादक पदार्थ भनेको लागू पदार्थ हो । जाँड, रक्सी, चुरोट, गाँजा, अफिम, चरेस आदि सबै लागू पदार्थ हुन् । जाँड, रक्सी जस्ता पदार्थले हाम्रो शरीरका स्नायु (नर्भ) हरू उत्तेजित पार्छन् । यिनीहरूको उत्तेजनाबाट हाम्रो शरीरका भित्री अंगहरू जस्तो पेट, मुटु, आदिको चाल पनि बढ्दैजान्छ । यसरी यी अंगहरूको चाल बढ्नाले शरीरलाई हानि पुऱ्याउँछ । गाँजा, चरेस, अफिम आदिले चाहिं शरीरलाई भित्रभित्रै शिथिल पार्छ । यसले मगजलाई पनि असर पार्छ । मगज विग्रेको भने मानिस बहुलाउँछ ।

चुरोटले पनि शरीरलाई खराब गर्छ । यसले मानिसको फोक्सोमा हानि पुऱ्याउँछ र क्षय-रोग जस्ता रोगहरू उत्पन्न हुन्छन् । क्यान्सरजस्ता ठूला रोगहरू पनि चुरोटबाटै उत्पन्न हुने संभावना हुन्छ । यसैले यी सबै प्रकारका रोगहरूबाट बच्न हामीले मादक पदार्थको सेवनलाई त्याग्नुपर्छ । यसबाट हाम्रो शरीर स्वस्थ र बलियो हुन्छ । हामी निरोगी हुन्छौं । हामीले गर्ने कामहरूलाई हामी राम्ररी पूरा गर्न सक्छौं ।

मादक पदार्थ एक प्रकारको अम्मल हो । यो जति खायो यसको मात्रा त्यति बढाउँदै लैजान मनलाग्छ । यसको स्वाभाविक गुण पनि यही हो । यसले गर्दा मुटु फुट्ने, रगत छाद्ने पेटको रोग, छातीका रोग आदि अनेक रोगबाट मनिसको मृत्यु हुन्छ । यसैले हामीले समयमै यस कुरामा ध्यान राखी बुद्धिमानीपूर्वक यस्ता अम्लहरू छोड्ने बानी गर्नुपर्दछ । यी कुराहरूबाट हामीलाई अलिकति पनि फाइदा हुँदैन । बरु हामीले हामीलाई फाइदा हुने चीजबीजहरू खानु-

पर्छ । हामीले कस्तो प्रकारको चीज खानुपर्छ भन्ने सम्बन्धमा हामी हिन्दूहरूको महान् ग्रन्थ गीताको सत्रौं अध्यायमा लेखिएको छ ।

आयुः सत्वबलारोग्य सुख प्रीतिर्विवर्धना ।
रस्या स्निग्धा स्थिरा हृदया आहारा सात्विक प्रिया ।।

यसको अर्थ हो– आयु बढाउने, चित्त शुद्ध पार्ने, बल दिने, आरोग्य प्रदान गर्ने, सुख दिने, खाँदा प्रेम वा आनन्द आउने, रसिलो, चिल्लो, पछिसम्म गुण रहने, मनपर्ने चीज नै सात्विकहरूले खाने पदार्थ हुन् ।

तर आजभोली विश्वमा मादक पदार्थको सेवन झन्-झन् बढ्दै गएको छ । खास गरी युवा युवतीहरू यसप्रति बढी आकर्षक हुँदै गएका छन् । यसले गर्दा विश्वमा चरेस, अफिम, गाँजाको कालो बजार चलिरहेको छ । अन्तरराष्ट्रिय क्षेत्रबाट यसको रोकथामका प्रयासहरू भइरहेका छन् । यी मादक पदार्थको उत्पादनमा सरकारबाट रोक पनि लगाइएको छ । अरू कोशिस पनि भएका छन् । यसको रोगथामका लागि हामी सबैबाट प्रयास हुनु अति राम्रो कुरा हो ।

अभ्यास

१. (क) आत्म संयम वा आत्म नियन्त्रण भन्नाले के बुझिन्छ आफ्नो शब्दमा प्रस्ट पारी केही उदाहरणहरू देऊ ।

(ख) "आत्म संयम मनको उपज हो" यस तथ्यलाई पुष्टि गर ।

(ग) तिमीलाई के कुरामा बढी जिज्ञासा लाग्छ, त्यसको कारण बताऊ र सो कुरा जान्नको लागि तिमी आफैंले के कोशिस गरेका छौ, त्यो पनि सुनाऊ ।

(घ) आत्म नियन्त्रणभित्र के के कुराहरू पर्दछन् तिनीहरूको एउटा सूची बनाऊ र हरेकको छोटो व्याख्या गर ।

(ङ) मादक पदार्थबाट हुने बेफाइदाबारे आफूआफूमा छलफल गर ।

पाठमा परेका गाह्रा शब्दहरू

शब्द	अर्थ
विलासी	– मोजमज्जा र रमझममा जीवन बिताउने
श्रेयस्कर	– असल खालको
सदाचार	– असल चालचलन
सत्कर्म	– असल काम, असल विचार

नित्य – सधैं

सद्गुणी – राम्रो स्वभाव भएको

आत्म नियन्त्रण – मन, वचन र कर्मलाई रोकेर
असल बाटोमा लगाउनु

सन्मार्ग – मन, वचन र कर्मले गरिने असल काम

उपज – उत्पत्ति, उब्जाउ

वसुधैव कुटुम्बकम्– सारा संसारका मानिसलाई
दाजु भाइ वा इष्टमित्रको
रूपमा देख्नु

शिष्ट – भलाद्मी

आश्रित – आश्रयमा बसेको, भरमा बसेको

स्नायु – शरीरको नसा

एकाइ तीन

सामाजिक व्यवहार

रमाइलो गाउँ रमाइला विद्यार्थी

हाम्रो देश गाउँ नै गाउँले भरिएको छ । ती गाउहरू मध्ये रानीवन पनि एउटा गाउँ हो। यस गाउँको पश्चिम दक्षिणतिर खोला बगिरहेको छ । पश्चिमपट्टि खोला माथि एउटा डाँडा छ । त्यसलाई रानीभत्ताको डाँडो भन्दछन् । त्यहाँ देवीको मन्दिर छ । त्यहाँबाट काठमाडौं उपत्यकाको चारैतिर अति राम्रो दृश्य देखिन्छ ।

रानीवन, यो धेरै पुरानो गाउँ हो । यसको पश्चिमपट्टि जीतपुरको भन्ज्याङ पर्दछ । पश्चिम उत्तरमा आदेश्वर र अल्हेको सुन्दर डाँडाहरू देखिन्छन् । यो गाउँको दक्षिण छेउमा एउटा चउर छ । यहाँ माध्यमिक विद्यालय र एउटा हेल्थ पोष्ट पनि छ । गाउँमा धारा, पानी, बत्ती, बजार आदि सबै कुराको सुविधा छ । हाल त्यस गाउँमा काठमाडौंबाट मोटर जाने सडक पनि बन्न लागेको छ । यी सबै कुराबाट त्यो ठाउँ एउटा रमाइलो गाउँ बन्न पुगेको छ ।

तर केही वर्ष अघिसम्म त्यो ठाउँ खाली एउटा गाउँ मात्र थियो । गाउँमा केवल एक दुई वटा पसल बाहेक अरू केही थिएन । पढ्नलाई विद्यालय थिएन । धारा, पानीको सुविधा थिएन, बिजुली बत्तीको सट्टा टुकी वा दियालो बाल्नुपर्दथ्यो । खोलाहरूमा पुल थिएनन्। बाटो घाटो-को ज्यादै असुविधा थियो । मानिसहरूले दुःखमा दिन बिताइ रहेका थिए ।

२००७ सालभन्दा पछि हाम्रो देशमा अनेक विकास कार्यहरू शुरू हुन थाले । जनताहरूमा विकास गर्नुपर्छ भन्ने चेतना आयो । सरकारले पनि देशको विकासका लागि जनताहरूलाई साथ दिन थाल्यो। यही क्रममा रानीवनका जनता पनि जागरूक बने। उनीहरू अब आफ्नो मात्र सुख दुःखमा नलागी ग्रामीण विकासका लागि सामाजिक कार्यहरूमा भाग लिन थाले । त्यहाँ-विद्यालय खोलियो । सबै गाउँले मानिस मिली विद्यालय भवन बनाए । विद्यालयको अन्य सुविधा-का लागि चउर, धारा, पानी बाटोको प्रबन्ध मिलाए । आवश्यक मद्दतका लागि सरकारसग माग गरे । सबैको सहयोगबाट नै त्यो गाउँ विकास हुँदै गयो। यसैले आज त्यो गाउँ एउटा रमाइलो गाउँ बन्यो । त्यहाँका विद्यार्थीहरू पनि रमाइला बने । उनीहरू आफ्नो अध्ययन बाहेक खेल्ने समयमा खेलि रहेका हुन्छन् । विद्यालय जन्म जयन्ती, अभिभावक दिवस जस्ता कार्यक्रमहरू-मा नाच गान गरी रमाइलो गर्छन् । विद्यालय तथा गाउँमा सफाइ अभियान, प्रवचन कार्यक्रम चलाउँछन् । आवश्यक ठाउँमा वृक्षारोपण गर्छन् । चउर, धारा, पँधेरा, कुवा, पाटी, बाटो

बनाउने जस्ता सामुदायिक कार्यक्रमहरूमा सबै गाउँलेहरूको साथ दिन्छन् । उनीहरू यस्ता सामाजिक कार्यमा भाग लिन सधैं खुशीसाथ अग्रसर हुन्छन् ।



अभ्यास

१. (क) सामुदायिक कार्यहरू भनेका के हुन्, तिनीहरूको एउटा सूची तयार पारी ती मध्ये तिमीले गरेका सामुदायिक कार्यहरूको बयान गर।

(ख) रानीवन गाउँको परिवर्तनका कारणहरू पत्ता लगाई त्यस गाउँको विकास सम्बन्धमा केही चर्चा गर ।

२. **तलका वाक्यहरूमा सबभन्दा बढी ठीक कुन हो छुट्टयाऊ**

(क) सामुदायिक कार्य भन्नाले आफ्नो परिवार भित्र गरिने कार्यलाई जनाउँछ ।

(ख) सामुदायिक कार्य भन्नाले आफ्ना लागि गरिने कार्यलाई जनाउँछ ।

(ग) सामुदायिक कार्य भन्नाले समाजका लागि गरिने कार्यलाई जनाउँछ ।

(घ) सामुदायिक कार्य भन्नाले समुदायले गर्ने कार्यलाई जनाउँछ ।

राजेशको सफलता

राजेश एउटा गरीब परिवारमा जन्मेको थियो । आफ्ना आमाबाबुको दुःख देखेर उसलाई सधैं पीर लाग्थ्यो । ऊ सधैं आफ्ना आमाबाबुको बारेमा सोचिरहन्थ्यो र मनमनै भन्दथ्यो– म पछि ठूलो मानिस बनेर बाबुआमाको सेवा गर्ने छु र उनीहरूको दुःख मेटाउने छु ।

राजेशलाई पढाउन उसका बाबुआमासँग पैसा थिएन, तर राजेश केटाकेटी देखिनै जेहेन्दार लडका थियो । ऊ अरू साथी भाइसँग मिलेर उनीहरूसँग केही कुराहरू सिक्दथ्यो । आफूले सिकेको कुरालाई ऊ कहिल्यै बिर्सदैनथ्यो ।

राजेशको अध्ययनपट्टिको रुचि देखेर उसका बाबुआमाले उसलाई विद्यालयमा भर्ना गरिदिए । त्यसका लागि उनीहरूले कडा मिहिनेत गरेर छोराको पढाइ खर्च टारिदिने निश्चय गरे । राजेश पनि विद्यालयमा गई साथीभाइसँग पढ्न पाउँदा निकै खुशी भयो । ऊ राम्ररी पढ्न लाग्यो । उसको मिहिनेतले गर्दा ऊ जहिले पनि पहिला-पहिला हुँदै गयो ।

ऊ ज्यादै मिलनसार केटो थियो । जोसँग पनि ऊ मिलेर काम गर्न सक्दथ्यो । कहिल्यै कसैसँग रिसाउँदैनथ्यो । अरूले गालि गरे पनि ऊ हाँसेर सहिदिन्थ्यो । सबैसँग मीठो र नम्र बोलीले बोल्थ्यो । कसैको अन्याय र अत्याचार सहँदैनथ्यो । यस्तोमा ऊ नडराईकन बोल्न सक्थ्यो । जहाँ जुनसुकै काममा पनि अग्रसर हुन्थ्यो । कामबाट ऊ कहिल्यै पछि हट्दैनथ्यो ।

राजेशको यस्तो स्वभावमा उसका साथीहरू सबै ऊदेखि खुशी थिए । विद्यालयका गुरुहरू पनि खुशी थिए । कसैलाई केही दुःख अप्ठेरो पर्दा उसलाई नै भन्न आउँथे । ऊ आफूले सकेको मद्दत सबैलाई गरिदिन्थ्यो । कहिले कसैमाथि भेद भावको व्यवहार गर्दैनथ्यो ।

अलि-अलि गरेर विद्यालयका सबै साथीभाइले उसलाई चिन्दै गए । गाउँ घरमा पनि उसको नाम फैलिंदै गयो । उसलाई सबैले मान्न थाले । ऊ एउटा नेता बन्यो । उसले विद्यालय र आफ्नो घर छिमेकका लागि राम्रा-राम्रा कामहरू गरयो । उसको यस्तो कार्यमा टाढाटाढा-सम्म नाम फैलिंदै गयो । ऊ झन साहसी बन्यो । उसले अरू बढी मानिसहरूलाई पनि आफ्नो कामबाट प्रभावित पारयो । यसो हुँदा-हुँदा धेरै पछि ऊ देशको नेता बन्यो । उसले मानिसहरू-लाई असल-असल कुराहरू सिकायो । असल-असल बाटोमा लाग्ने प्रेरणा दियो । दुःखमा नरुने र सुखमा नहाँस्ने उपदेश दियो । काम गर्दा आइपर्ने कठिनाइहरू माथि सामना गर्दै जाने हौसला दियो । उसको यस्तै गुणहरूले ऊ एउटा ठूलो मानिस बन्यो । उसका बाबुआमा ऊदेखि ज्यादै खुशी भए । उनीहरूले आफ्नो छोरो यस्तो बन्ला भनेर कहिल्यै पनि सोचेका थिएनन्, तर राजेश देशको एउटा सच्चा नागरिक थियो । उसले आफ्ना बाबुआमाको लागि मात्र होइन

देशका लागि नै ठूलो कार्य गरयो । स्यावास ! त्यो नेतालाई जसले जीवनमा ठूलो त्याग र परिश्रम गरयो ।

अभ्यास

१. (क) नेतृत्वको महत्त्वलाई उदाहरण दिएर प्रस्ट पार ।

(ख) राजेशको सफलताका कारणहरू पत्ता लगाई त्यस सम्बन्धमा छोटो चर्चा गर ।

२. छोटो उत्तर देऊ

(क) राजेशलाई सधैं किन पीर लाग्दथ्यो ?

(ख) राजेश मन मनै के भन्ने गर्दथ्यो ?

(ग) राजेश आफ्ना साथीभाइ सँग कस्तो व्यवहार गर्दथ्यो ?

(घ) राजेश कसरी ठूलो मानिस बन्यो ।

भीष्मको स्वार्थत्याग

महाभारत कालको कुरा हो । शन्तनु नाम गरेका एक जना प्रतापी राजा थिए । उनका तीन जना छोराहरू थिए । उनीहरूको नाम भीष्म, चित्राङ्गद र विचित्रवीर्य थियो, तर यिनीहरू एकै आमाका छोरा थिएनन् । चित्राङ्गद र विचित्रवीर्य रानी सत्यवतीका छोरा थिए । यी सबैमा भीष्म भने जेठा थिए ।

नियम अनुसार सन्तनुको मृत्युपछि भीष्म राजा हुनुपर्ने थियो, तर उनले आफ्नो बाबु को स्वार्थको लागि कहिल्यै विवाह नगर्ने दृढ प्रतिज्ञा गरेका थिए। यसैले उनले राजा हुन चाहेनन् । बरु सौतेनी भाइहरूलाई पालै-पालो सिंहासनमा राखेर आफूले सहायक भई उनीहरूको राजकाज चलाइदिए, तर दुःखको कुरो। चित्राङ्गद र विचित्रवीर्य दुवै जनाको कलिलै उमेरमा नै मृत्यु भयो ।

यस अवस्थामा रानी सत्यवती ज्यादै चिन्तित भइन् । अब आफ्ना पतिको राज्यभार सम्हाल्ने कोही भएन भन्ने उनलाई पीर लाग्न थाल्यो । अन्तमा उनले भीष्मलाई भनिन्, "बाबु भीष्म ! तिमीले आफ्ना पिताको लागि जुन प्रतिज्ञा गरेका थियौं, थियौ । अब तिमी त्यो जिद्दी नगर । तिमी विवाह गर र पिताको राज्य चलाई आनन्द साथ सुख भोग गर ।"

सत्यवतीको यस्तो कुरा सुनेपछि भीष्मले हाँसेर भने, 'मुमा हजुरले के कुरा गर्नु भएको। मैले आफ्नो स्वार्थका लागि, आनन्द र सुख भोगका लागि अब आफ्नो वचन त्यागूँ ? यसकारण तीनै लोकको राज्य छोड्न सक्छु, आफ्नो सबभन्दा मनपर्ने वस्तु छोड्न सक्छु, तर सत्य र प्रतिज्ञालाई त्याग्न सक्दिन। यसैले म जीवनभरि विवाह पनि गर्ने छैन र राज्य पनि गर्ने छैन।"

हुन पनि त्यसै भयो। वरु उनले आफ्ना भाइहरूको लागि मन्त्री बनेर राजकाजमा मद्दत गरिदिए। सत्यवतीको आशा पाएर पनि भाइहरूको सिंहासनमा आफू बसेनन्। विचित्र-वीर्यका छोरा धृतराष्ट्र र पाण्डुलाई बालककालदेखिनै आपनै काखमा हुर्काए, बढाए र आफ्नै छोराहरू समान गरी पाले। पछि तिनै धृतराष्ट्र र पाण्डवलाई उनीहरूको राज्य सुम्पिदिए। आफू चाहिं मन्त्री तथा सेनापति बनेर मात्र बसे। यही राज्यको लोभले गर्दा धृतराष्ट्रका छोरा कौरव र पाण्डुका छोरा पाण्डवका बीच त्यत्रो महाभारतको लडाईं समेत भयो, तर पनि भीष्मले उनीहरूको राज्य खोसेनन्। उनलाई राज्य गरी सुख भोगमा रहने कहिल्यै इच्छा भएन। उनले आफ्ना बाबुको सन्तुष्टिका लागि जीवनका अन्त्यसम्म नै आफ्नो वचनको पालना गरी नै रहे। यो उनको महान् स्वार्थत्याग थियो। उनको यही त्याग र कठोर प्रतिज्ञाको कारण-बाट नै उनको नाम भीष्म रहन गयो। यसैले आजसम्म पनि हामी उनको तारिफ नगरिरहन सक्दैनौं।

संसारमा यस्तै अरू महापुरुषहरू पनि छन्। उनीहरूले आफ्नो लागिभन्दा अरूको भलाइका लागि नै बढी काम गरेका छन्। उदाहरणका लागि हामीले गौतम बुद्ध र महात्मा-गान्धीलाई नै लिन सक्छौं, जसबारे हामीले माथि नै पढिसकेका छौं। गौतम बुद्धले आफ्नो राजसी सुख सयल छोडेर मानिसहरूको कल्याणका लागि नै त्याग र तपस्या गरे। महात्मा-गान्धीले पनि आफ्नो देशका जनताका लागि आफ्नो सुखलाई त्यागेर भए पनि अंग्रेजहरूको विरुद्धमा लडे। भारत स्वतन्त्र भएपछि पनि उनले आफ्नो स्वार्थभन्दा जनताकै भलाइका कामहरू गरे।

यसै गरी हामीले पनि लोभ लालचामा नपरी अरूको मद्दत गर्नु नै श्रेयस्कर छ। स्वार्थले गर्दा नै समाजमा वैमनस्य, रिस, राग र झगडा उत्पन्न हुन्छ। यो कुरा त्याग्नु हाम्रा लागि अति जरूरी छ।

अभ्यास

१. (क) भीष्मले कसरी आफ्नो स्वार्थ त्याग देखाए, त्यस सम्बन्धमा छोटो व्याख्यागर।

(ख) "स्वार्थले मानिसलाई अन्धो तुल्याउँछ" यस कुराको पुष्टि गर।

२. तलका वाक्यहरूको खालो ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर

(क) भीष्म.....का छोरा थिए।

(धृतराष्ट्र, विचित्रवीर्य, सन्तनु)

(ख) पाण्डव.....का छोरा थिए। (चित्राङ्गद, धृतराष्ट, पाण्डु)

साहस नै ठूलो हो

मानिस सामाजिक प्राणी भएकोले उसका अनेक इच्छा हुन्छन् । अनेक आवश्यकताहरू हुन्छन् । यिनै इच्छा र आवश्यकताहरू पूरा गर्नका लागि उसले अनेकन किसिमका कामहरू गर्नु पर्ने हुन्छ, तर ती सबै कामहरूमा उसले सफलता प्राप्त गर्छ भन्न सकिंदैन । कुनै कार्यमा सफलता मिल्छ भने कुनैमा असफल हुन्छ । यो स्वाभाविक प्रक्रिया हो ।

मानिसले गर्ने कार्यहरूमा त्यसको सफलता वा असफलतामा धेरै कुराहरूले प्रभाव पारेको हुन्छ । उसको आफ्नो परिश्रम, कोशिश, बुद्धि, लगनशीलता, दक्षतामा नै कुनै पनि कार्यको सफलता निर्भर गर्दछ । त्यसदेखि बाहेक बाहिरी तत्त्वहरूले पनि प्रभाव पारेका हुन्छन् । यस्ता तत्त्वहरू आफ्नो नियन्त्रणदेखि बाहिरका हुन्छन् । यसले गर्दा पनि कार्यमा असफलता मिल्छ ।

तर जुनसुकै काम गर्दा पनि एक चोटि असफल भइयो भनेर त्यो कामलाई त्यसै चटक्कै छोड्नु बुद्धिमानी होइन । त्यसलाई फेरि-फेरि कोशिश गर्नुपर्छ । अनि एकचोटि अवश्य सफल हुन सकिन्छ । यदि आफ्नो नियन्त्रणदेखि बाहिरको कारणले असफल भएमा पनि त्यसमा दुःख मनाउने गरी पीर गर्नु राम्रो होइन । आफूले कोशिश गर्दागर्दै पनि हुन नसकेकोमा चित्त बुझाइ बस्नुपर्छ । यसको लागि संस्कृतमा एउटा श्लोक पनि छ-"यत्ने कृते यदि नसिध्यति कोऽत्रदोषः" यसको अर्थ हो– यदि कोशिश गर्दागर्दै पनि कुनै काम सफल बन्दैन भने त्यो कसलाई दोष दिने ?

हाम्रो एउटा भनाइ छ । घोडा चढ्ने मानिस लड्छ भनेर । यसको तात्पर्य हो– जो मानिस कुनै काम गर्छ त्यो असफल पनि हुनसक्छ । काम नगरी, कुनै कोशिश नै नगरी बस्ने हो भने सफल र असफल भन्ने प्रश्न नै उठ्दैन । यसैले हामीले पढाइमा होस् वा अरू कुनै कार्य गर्दा होस् कहिल्यै हतोत्साही बन्नुहुँदैन । एक चोटि असफल भइयो भने अर्को चोटिका लागि कोशिश गर्नुपर्छ । फेरि पनि असफल भइएमा फेरि पनि कोशिश गर्नुपर्छ, तर असम्भव कुरामा भने कहिल्यै जिद्दि गरेर लाग्नु हुँदैन । यसर्थ कुनै पनि काम गर्नुभन्दा पहिले त्यो सम्भव हुने हो वा होइन भन्ने कुरा सोची, विचार गरिकन मात्र काम गर्नुपर्छ । आफूले विचार पुऱ्याउन नसके आफूभन्दा जान्नेसँग राय सल्लाह मागी सोही अनुसार गर्नुपर्छ ।

आफ्नो कार्यमा हतोत्साही नबनी अगाडि बढ्दै जाने संसारमा धेरै महापुरुषहरू छन् । यी मध्ये हाम्रो देशका वीर अमरसिंह थापा, भक्ति थापा र बलभद्र कुँवरलाई हामी उदाहरणका रूपमा लिन सक्छौं । यी वीर पुरुषहरूले आधुनिक हातहतियार सहितका अंग्रेजका फौजहरूसँग हिम्मत नहारी कन आफ्नो देशको गौरव बढाएका थिए ।

अमरसिंह थापा

नेपोलियन

भक्ति थापा

बलभद्र कुँवर

त्यसै गरी फ्रान्सका सम्राट् नेपोलियन, भारत मेवाडका राजा महाराजा प्रतापसिंह आदि पनि वीर र साहसी पुरुषहरू हुन् । नेपोलियनको भनाइमा त असम्भव भन्ने शब्द छैंदैछैन । उनी असाध्य आँटिला पुरुष थिए । संसार विजय गर्ने उनको इच्छा भए तापनि धेरै ठाउमा उनले हार खानुपर्यो, तर पनि उनी आफ्नो असफलतामा उनी हतोत्साही बनेनन् ।

त्यसै गरी मेवाडका राजा महाराणा प्रताप सिंहले पनि दिल्लीका मुगल सम्राट अकबर-सँग हतोत्साही नबनोकन नै युद्धमा लडे । मुगल सम्राट् अकबरले पनि राजपूताना अन्तर्गतका अनेक राज्यहरूमा हमला गरेका थिए । अरू राजपूत राजाहरूले अकबरमाथि आक्रमण गर्ने आफ्नो साहस नदेखेर आत्म समर्पण गरिदिए, तर महाराणा प्रताप सिंहले कत्ति पनि हार खाएनन् । उनले कैयौं दुःखहरू सहेर पनि हिम्मत नहारीकन नै अकबरका फौजहरूसँग आखिरी बेलासम्म पनि लड्दै रहे ।

यस्तै उदाहरण हामी अरू-अरू कुरामा पनि लिन सक्छौं । माकुराले धेरै दिन लगाएर नै आफ्नो जाल बुनिसक्छ । कुमालकोटीले परिश्रमको साथ नै आफ्नो गुँड बनाउँछ भने हामी मानिस हौं । हामीमा बल, बुद्धि, विवेक सबै कुरा छ । हामीले यही कुरा सोच्नुपर्छ र आँट लिएर धैर्यसाथ काम गर्दै जानुपर्दछ । यसबाट नै हामी सफल हुनसक्छौं । मानिसको यसै आँट र साहसले गर्दा नै आज मानिसहरू चन्द्रमामा पुग्न पनि सफल भएका छन् ।

अभ्यास

१. (क) साहसिलो मानिसमा हुनुपर्ने गुणहरूको व्याख्या गर ।
   (ख) "यत्ने कृते यदि नसिध्यति कत्र दोष" को उदाहरणसहित भाव व्यक्त गर ।
   (ग) संसारका केही साहसिला महापुरुषहरूको नाम उल्लेख गरी तिनीहरूले गरेका कार्य-हरूको चर्चा गर ।
   (घ) "असफलता नै सफलताकको चिह्न हो " यस अर्थलाई पुष्टि गर ।

सूर्य र हावा

मानिस एउटा चेतनशील प्राणी हो । उसको आफ्नै इच्छा हुन्छ । आफ्नै विचार हुन्छ । ऊ आफ्नो इच्छा र विचार अनुरूप नै समाजमा कार्यहरू गर्दछ । यो उसको स्वाभाविक गुण हो । यही गुणले गर्दा नै एउटा मानिसको विचार अर्को मानिसको विचारसँग नमिल्नसक्छ। यसैले मानिस-मानिसका बीचमा वैचारिक मतभेदको सृजना हुन्छ र आपसी वैमनस्य र कलह शुरू हुन्छ, अनि समाजको वातावरण धमिलिन जान्छ ।

यसरी आपसी वैचारिक मतभेद भए तापनि यी मतभेदलाई शान्तिपूर्ण र शिष्ट तरीकाले समाधान गर्नु नै हाम्रो बुद्धिमानी हो। कुनै पनि मतभेदलाई उत्तेजनात्मक र उच्छृङ्खल कार्यले समाधान गर्न खोज्दा त्यसको झन् नराम्रो परिणाम निस्कन जान्छ। बरु आफ्नो असहमति-लाई धैर्यपूर्वक सोची विचारी प्रकट गर्नु नै राम्रो हुन्छ । किनभने जुनसुकै नराम्रो कार्य पनि



शिष्टतापूर्वक गरेमा त्यो राम्रो देखिन्छ । राम्रो कार्य नै भए पनि अशिष्ट तरिकाले गर्दा त्यो नराम्रो हुन्छ । यस सम्बन्धमा हामी सूर्य र हावाको बारेमा एउटा चाखलाग्दो कथा पढौं ।

एक चोटिको कुरो हो। सूर्य र हावाको बीचमा को ठूलो भन्ने विषयमा निकै ठूलो वाद-विवाद भयो । उनीहरू एक अर्काभन्दा आफूलाई ठूलो मान्थे, तर एउटाको कुरो अर्काले मान्न राजी भएनन् । ती दुईको विचारमा ज्यादै असहमति देखियो । यसमा हावाले नै आफूलाई आफू ठूलो भएको निकै धाक देखायो । एक्कान्, दोकान, मैदान हुँदाहुँदै हावाले सूर्यसँग झगडा गर्ने नै निहुँ खोजे । सूर्यले हावाको कुरा मान्न पनि राजी भएनन् र झगडा गर्न पनि खोजेनन् । बरु उनले बडो नम्र भएर बाटोमा हिँडिरहेको एउटा बटुवालाई देखाए । बटुवाले शरीरमा ओढ्ने ओढिराखेको थियो । सूर्यले भने, "भैगो हावा, हामी दुई मध्ये जसले त्यो बटुवाको ओढ्ने मिल्काउनसक्छ, त्यो ठूलो । यसमा तिमी मन्जुर गर्छौ ?" हावालाई आफू ठूलो भन्ने निकै घमण्ड थियो र सूर्यको कुरामा उनी झन् खुशी भए । किन भने त्यो बटुवाको ओढ्ने मिल्काउन कुनै गाह्रो काम होइन भन्ने उनलाई लाग्यो । यसपछि उतले आफ्नो भएभरको बल देखाए । हावा खूब जोडसित बहन थाल्यो र त्यो बटुवालाई नै उडाउँला भने झैं देखियो, तर बटुवाले भने आफ्नो शरीरको ओढ्नेलाई झन्-झन् काखीमुनि च्याप्यो र ओढ्ने उडन दिएन । आखिर हावाको केही लागेन र सूर्यलाई, ल तिमी अब आफ्नो ताकत देखाऊ भने । सूर्यले आफ्नो प्रचण्ड तेज बटुवामाथि पारे । बटुवालाई तुरुन्ते असाध्य गर्मी भएर आयो । उसले शरीरको ओढ्ने भुइँमा फ्याँकी आफू रूखको छहारीमा बस्यो। यसपछि सूर्यले हाँस्दै हावासँग भने, "देख्यौ हावा, जबरजस्ती कामभन्दा सरल व्यवहार नै राम्रो हुन्छ ।"

हावाले पनि सूर्यको कुरामा मन्जुर गरे र अबदेखि यस्तो जबरजस्ती व्यवहार कसैसँग पनि नगर्ने प्रतिज्ञा गरे । यसरी उनीहरूका बीचको असहमतिलाई सूर्यको बुद्धिमानीले गर्दा शिष्टातापूर्वक समाधान भयो ।

अभ्यास

१. (क) सूर्य र हावाको कथा रोचक ढंगमा सुनाऊ र यस कथाबाट के कुरा सिक्यौ, बयान गर ।

(ख) आपसी वैचारिक मतभेदको सृजना हुनाको कारण र त्यसको समाधान गर्ने उपायहरू बारे आफूआफूमा छलफल गरी मुख्यमुख्य बुँदाहरू कापीमा टिप ।

२. कसले कसलाई भनेको हो, पत्ता लगाऊ

(क) भैगो हामी मध्ये जसले त्यो बटुवाको ओढ्ने मिल्काउनसक्छ, उही ठूलो ।

(ख) ल तिमी आफ्नो ताकत देखाऊ ।

(ग) जबरजस्ती कामभन्दा सरल व्यवहार नै राम्रो हुन्छ ।

दुराचार पाप हो

चोरी गर्नु ठगी गर्नु, झूटो बोलेर अरूलाई छकाउनु सामाजिक र दुराचार हुन् । यस्ता कुराले हामी कसैको पनि कल्याण हुँदैन । हाम्रो धर्मले पनि हामीलाई यही कुरा सिकाएको छ ।

मानिसले आफ्नो परिश्रमबाट खानुपर्छ । परिश्रमको कमाइ नै सुखी कमाइ हो । परिश्रमको कमाइ नै स्थायी धन हो । यस्तो कमाइबाट मानिसलाई सुख मिल्छ, शान्ति मिल्छ । चोरी, ठगी र झुट व्यवहारबाट कमाएको धनको स्थायित्व हुँदैन । यसले मानिसलाई सुखशान्ति पनि मिल्दैन ।

सामाजिक दुराचारबाट समाजमा वैमनस्य र कलहको उत्पन्न हुन्छ । समाजको वातावरण दूषित हुन्छ । सामाजिक मान्यताहरू खलबलिन थाल्दछन् । यसले देशको सभ्यता र संस्कृतिको नै विनास गर्छ ।

हामीले व्यक्तिगत तथा सामाजिक दुराचारप्रति सैदव सचेत रहनुपर्छ । यस्ता कार्यलाई बढावा दिने काम कहिल्यै गर्नुहुँदैन । यसका लागि हामीले समयमै होश राखेर काम गर्नुपर्छ । यो एउटा सानु काम त होनि भनेर यस्ता कार्यमा कहिल्यै कसैले पनि आँखा चिम्लिनुहुँदैन । यसले गर्दा भविष्यमा ठूलो नोक्सानी हुन्छ । यस सम्बन्धमा हामी एउटा कथा पढौं ।

एक ठाउँमा रामे नाम गरेको एउटा केटो थियो । उसकी आमाको नाम राममाया थियो । रामे केटाकेटीदेखि नै बदमास केटो थियो । विद्यालयमा गएर पनि पढ्दैनथ्यो । साथीभाइको किताब कापी चोर्ने गर्थ्यो । साथीभाइसँग झूटो कुरा बोलेर उनीहरूलाई ठग्थ्यो । यसबाट आएको पैसा लगेर आमालाई दिन्थ्यो ।

राममाया पैसा पाउँदा दंग पर्थिन् र छोरालाई स्याबासी दिन्थिन् । उनले त्यो पैसा कहाँ र कसरी ल्याउँछ भन्ने चाहिं विचार गर्दैनथिन् ।

आमा खुशी भएको र आफूलाई स्याबासी दिएको देख्दा रामे यस्तो कार्यमा झन उत्साहित हुन्थ्यो । यसपछि उसको व्यवहार झन्-झन् बिग्रिंदै गयो । ऊ झन्-झन् चोरी गर्ने, ठगी गर्ने र झूटो व्यवहार गर्दै हिंड्न लाग्यो । दुई चार वर्षपछि गएर ऊ एउटा नाम कहलिएको चोर नै बन्यो । त्यसपछि ऊ डाँकाको सरदारमा गनियो । उसले कैयौं मानिसहरूको घरमा डाँका गरयो । कैयौं मानिसहरूको ज्यान लियो । कयौं मानिसहरूलाई अनेकन दुःखहरू दियो । साराका सारा मानिसहरू उसको नाम सुन्नासाथ डराउन थाले । यस अवस्थामा सरकारले उसलाई पक्डिन चारैतिर प्रहरीहरू पठायो । ऊ भाग्दै हिंड्यो, भाग्दै हिंडयो र प्रहरीबाट बच्न उसले अनेक दुःखहरू भोग्नुपरयो, तर केही लागेन । उसले आफ्नो काम अनुसारको फल पायो ।

प्रहरीले उसलाई पक्डिए र जीवनभरिको लागि जेलमा थुनिदिए । अब उसले आफ्नो काममा पछुतो गरेर मात्र जीवन बितायो । राममायाले पनि आफ्नो पहिलेको बुद्धिलाई धिक्कार्दै रुँदै-रुँदै नै दिन बिताइन् ।

चोरी गर्नु पाप हो भन्ने कुरालाई हाम्रो नीतिशास्त्रको एउटा अर्को उदाहरण पनि लिन सक्छौं, जो यस प्रकार छः–

धेरै समय अघिको कुरा हो । शंख र लिखित नाम गरेका दुई दाजुभाइ थिए। उनीहरूमा असाध्य प्रेम थियो, तर पनि उनीहरू एउटा नदीको किनारामा बेग्लाबेग्लै आश्रम बनाई बसेका थिए ।

एक दिन लिखित आफ्ना दाजुलाई भेट्न शंखको आश्रममा गए । त्यसैबेला शंख काम विशेषले बाहिर निस्केका थिए । लिखित चाहिँ उनको आश्रम वरिपरिको बगैंचामा रमाइलो मानेर त्यसै टहलिरहे ।

बगैंचामा बिभिन्न किसिमका फलफूलहरू लटरम्म फलिरहेका थिए। यो देख्दा लिखितको मनमा ती फल टिपेर खान मनलाग्यो । आफ्नो दाजुकै त होनि भनी उनले केही फल टिपेर खानलागे । यसै बेला शंख पनि टुप्लुक्क आइपुगे । उनले लिखितलाई सोधे, "भाइ, तिमीले यी फल कहाँबाट ल्यायौ ? दाजुको कुरामा लिखितले नढाँटीकन जवाफ दिए, तर शंख भने लिखितसँग झोक्किए । उनले भने, "तिमीले म नभएको बखतमा मसँग सोधपूछ नगरी मेरो बगैंचाको फल चोरी गरयौ । यसैले तिमी राजाकहाँ जाऊ र मुनासिब माफिकको दण्ड भोगी आफ्नो पापको प्रायश्चित्त गर ।"

लिखित शंखको आदेश अनुसार राजाकहाँ पुगेर सबै व्यहोरा बताए । त्यस देशमा सुदधुम्न नाम गरेका राजाले राज्य गर्थे । उनको इमान्दारीमा राजा खुसी भएर उनलाई उनको दण्डको क्षमा गरिदिने हुकुम दिए, तर लिखितले आफ्नो अपराध स्वीकार गर्दै राजासँग दण्ड भोग्ने कुरा बताए । अनि राजाले उनको दुवै हात काट्न लगाई चोरीको दण्ड दिए ।

अब लिखित शंखकहाँ पुगेर आफ्नो पापको प्रायश्चित्त स्वरूप दुवै हात काटिएका दाजु-लाई देखाउँदै भने," दाजु अब मेरो अपराध क्षमा गर्नुहोस् ।"

लिखितको कुरा सुनेर शंखले आँखाभरि आँसु पार्दै भने, "भाइ तिमीलाई म असाध्य माया गर्छु । म तिमीसँग रिसाएको पनि छैन, तर पनि तिमीले धर्म विरुद्धको काम गरेको हुनाले मात्र पापको प्रायश्चित्त गराएको हुँ । नसोधी अरूको माल लिनु चोरी गर्नु हो । चोरी गर्नु पाप हो, तर त्यसको प्रायश्चित्त भोगिसकेकाले अब तिमी पापबाट मुक्त भएका छौ । अब तिमी गुरु र ईश्वरको पाठपूजा गर । मेरो आशीर्वादले तिम्रा हात पहिलेकै जस्ता हुने छन् ।"

दाजुको यस्तो व्यवहारमा लिखितलाई एउटा कुरा जान्न उत्सुक लाग्यो । उनले सोधे, "दाजु, हजुर आफैं यत्रो शक्तिशाली हुँदाहुँदै पनि मलाई हजुरले नै दण्ड नदिईकन किन राजा-कहाँ पठाउनु भयो, त्यो कुरा म जान्न चाहन्छु ।"

यसमा शंखले हाँसेर जवाफ दिए, "भाइ समाजका सब कुराको मानमर्यादा हुनुपर्छ । सबै आफ्नो अधीन र अधिकारमा बाँच्नुपर्छ । व्यक्तिगत तथा सामाजिक आचरणहरूको पालना गर्नुपर्छ । दुराचारप्रति घृणा गर्नुपर्छ । यसको लागि नै सामाजिक नियमहरू बनेका हुन्छन् । यी नियमहरूमा नै हामीले बस्नुपर्छ । यसैले मैले तिमीलाई राजा सुदधुम्नकहाँ दण्डका लागि पठाएको हुँ । किन भने दण्ड दिने अधिकार राजालाई मात्र प्राप्त छ । तिमी र मता उनकै जनता हौं " ।

दाजुको यस्तो कुरामा लिखित बहुतै खुसी भए । उनी नदीको किनारमा बसी ईश्वरको तप गर्न लागे । केही कालपछि उनका काटिएका दुवै हात फेरि उस्तै भए ।

अभ्यास

१. (क) दुराचार भन्नाले के बुझ्दछौ, स्पष्ट व्याख्या गरी लेख ।

(ख) दुराचारका परिणामहरूलाई उदाहरणसहित बयान गर ।

२. तलका खाली ठाउँमा सबभन्दा मिल्ने शब्द छानी वाक्य पूरा गर

(क) .....को कमाइ नै सुखी कमाइ हो ।
(अल्छी, ठगी, परिश्रम)

(ख) सामाजिक ..... बाट समाजमा कलह र वैमनस्यको उत्पन्न हुन्छ (अत्याचार, अन्याय, दुराचार,)

(ग) हामीले व्यक्तिगत तथा सामाजिक दुराचारप्रति सदैव ..... रहनुपर्छ (सचेत, अचेत, उचित)

(घ) नसोधी अरूको माल लिनु ..... गर्नु हो (ठगी, चोरी, बेइमानी)

३. शंख र लिखितको कथालाई कक्षामा नाटकीय ढंगमा प्रस्तुत गर ।

अमूल्य धन

समयको ठूलो महत्त्व छ । समय हाम्रो धन हो। समय हाम्रो लगानी हो। यसरी एउटा बेपारीले आफ्नो धनलाई समयोचित सदुपयोग गरी कुनै बेपारमा लगानी गर्छ र त्यसबाट फेरि अरू धनको अभिवृद्धि हुन्छ । त्यसै गरी हामीले समयलाई राम्रो सदुपयोग गर्न सक्यौं भने हाम्रो मान, मर्यादा, इज्जत, धन सबै कुराको अभिवृद्धि हुन्छ । यो हामीले सोच्नुपर्ने कुरा छ। यसैले हामीले समयलाई त्यसै खेर फाल्नुहुँदैन। "समय छँदैछ नि" भनेर आज गर्नुपर्ने कामलाई "भोलि गरौं भनी" भनेर भन्नु पनि हुँदैन । यसो गर्नु हाम्रो ठूलो गल्ती हो । समयलाई चिन्नसक्ने चाहिं ठूलो बुद्धिमानी हो । यही समय चिनेर काम गर्नाले नै मानिस सुखी हुन्छ । समयको महत्त्व नबुझ्नाले मानिस दुःखी हुन्छ ।

समयले कसैलाई पर्खिंदैन । यो आउँछ, जान्छ। आजको दिन भोलि कहिल्यै आउँदैन । भोलिको दिन पर्सि आउँदैन । आज हामीले जे काम गर्छौं, त्यो नै आजको लागि गर्नुपर्ने ठीक काम हो । आज गर्नुपर्ने कामलाई आज नगर्नाले भोलि गएर ठूलो पछुताउ हुन्छ । उदाहरण स्वरूप एक जना विद्यार्थीले समय अनुसार गर्नुपर्ने उसको काम विद्या आर्जन गर्नु हो । तर उसले विद्या आर्जन गर्नुपर्ने समयमा खेलेर वा अरू कुनै काम गरेर बिताउँछ भने भोलि गएर उसले ठूलो पछुतो गर्नु पर्नेछ । साथीभाइहरूमा ऊ मूर्ख बन्नेछ र पछि सबैले उसलाई हेलाँ गर्नेछन् । त्यस बेलामा उसले पछुतो मानेर पनि केही काम लाग्दैन । किन भने उसको विद्या आर्जन गर्ने समय सिद्धिइसकेको हुन्छ ।

समयको सदुपयोग नगर्नाले हुने हानि नोक्सानीबारे अब हामी एउटा कथा पढौं ।

एक समयमा एक जना महाजन थिए । उनी ज्यादै धनी थिए । उनको एउटा छोरा थियो । आफ्नो एउटा मात्र छोरो भएको र ऊ पनि निष्फिक्री धनी हुनाले छोराको भविष्यप्रति महाजनलाई चिन्ता थिएन। मेरो यही धनले मात्र छोराले बसीबसी खाए पनि नातिको पालासम्म यसै गरी सुखले दिन बिताउनसक्छ" भन्ने उनको विचार थियो । यसैले उनले छोराको व्यक्तिगत जीवनप्रति केही चासो राखेनन् । उसले जे जति सुखसुविधा खोजे पनि महाजनले पुरघाइदिन्थे ।

महाजनको छोरो पनि बाबुको पैसामा घमण्ड गरी हिंड्थ्यो । उसले विद्या आर्जन गर्नु कुनै मतलब नै ठानेन । "विद्या आर्जन गर्नु पैसा कमाउनाको लागि मात्र हो " भनी उसले सोच्यो। यसले ऊ आफ्नो खुशीमा मोजमज्जा गरी दिन बिताउन थाल्यो ।

दैव संयोगको कुरा हो।एक दिन महाजनको मृत्यु भयो। अब त्यो सारा सम्पत्तिको मालिक महाजनको छोरा बन्यो । उसले अरू बढी बेपर्वाहमँग पैसा उडाउँदै गयो । उसले समयको ख्याल नै राखेन । ऊ आफ्नो धनमा त्यसैत्यसै मात्तिएको थियो ।

अलिअलि गर्दै महाजनको धन सिद्धिदै गयो । आम्दानी भने कतैबाट भएन, तर पनि लागेको बानी छोड्न महाजनको छोराले सकेन । आखिर ऊ एक दिन गरीब भयो । खानको लागि समेत अरूहरूसँग सापटी माग्दै हिँड्नथाल्यो । उसको यस्तो चाला देखेर अरूहरूले उसलाई खिसी उडाउन थाले । त्यस अवस्थामा ऊ परिश्रम गरेर खान पनि सक्दैनथ्यो । किन भने ऊ बूढो भइसकेको थियो र उसले समयमा पढेको पनि थिएन । अब उसलाई पछुतो गरेर बस्नु सिवाय अरू केही बाँकी रहेन । अनि ऊ टोल, छिमेकका चौतारामा बसेर वरिपरि केटाकेटीहरू जम्मा गर्दै भन्थ्यो–

सुन सुन नानी हो ! म केही भन्छु ।
समयको महत्त्वको सवाई कहन्छु ।।
समय नै ठूलो हो, समयको ज्ञान ।
जाने बुझी समयको महत्त्वलाई जान ।।
समयमा गर काम कहीं खेर जान्न ।
समय नै धन हो खेर फाल्नुहुन्न ।।

अभ्यास

१. "समय हाम्रो अमूल्य धन" पाठको आधारमा यस कुराको छोटो व्याख्या गर ।

२. **सबभन्दा ठीक वाक्य कुन हो, छट्टयाऊ**

(क) समय आउँछ, फेरि फेरि पनि आउँछ, यसैले समयको ठूलो महत्त्व छ ।

(ख) समय आउँछ, जान्छ । यसले कसैलाई पनि पर्खिंदैन । यसैले समयको ठूलो महत्त्व छ ।

(ग) आजको काम भोलि गर्नुपर्ने हुन्छ, यसैले समयको ठूलो महत्त्व छ ।

(घ) भोलि गर्नुपर्ने काम आज गर्नाले ठूलो हानि नोक्सानी हुन्छ । यसैले समयको ठूलो महत्त्व छ ।

३. पाठको अन्तमा दिएको कविता सुनाई भाव व्यक्त गर ।

परिश्रम नगरी फल पाइन्न

हामीले अघिल्लो पाठमा समयको सदुपयोगको महत्त्वबारे जान्यौं । अब हामी यस पाठमा श्रमप्रति आस्था राख्नुपर्ने विषयमा जान्नेछौं ।

श्रमप्रति आस्था भन्नाले परिश्रम गरेर नै हामीले खानुपर्छ भन्ने कुरा बुझिन्छ । परिश्रम-विना केही कुराको पनि प्राप्ति हुँदैन । परिश्रमले नै मानिसलाई ज्ञान, बुद्धि, धन, सम्पत्ति, सबै कुरा प्रदान गर्छ । यही परिश्रमको लागि नै हामीलाई ईश्वरले हातखुट्टा र सोचविचार गर्ने शक्ति दिएका छन् ।

परिश्रमले भौतिक सुविधा मात्र होइन, हाम्रो शारीरिक तन्दुरुस्तीको पनि वृद्धि गर्छ । परिश्रम नगरी त्यसै बसिरहँदा हाम्रो शरीरका अंगहरू त्यसै निस्क्रिय हुन्छन् । यसले गर्दा हाम्रो स्वास्थ्य पनि खराब हुन्छ । हामी अल्छी हुन्छौं र अल्छी मानिस समाजमा बेकम्मा कहलिन्छ ।

परिश्रमले नै मानिसलाई मान, इज्जत र दर्जा प्रदान गर्छ । परिश्रमविना कोही मानिस पनि ठूला हुँदैनन् । उदाहरण स्वरूप संसारका ठूलाठूला महापुरुषहरूले आफ्नो परिश्रमबाट नै नाम कमाएका छन् । हाम्रै देश नेपालका महापुरुषहरूको जीवनी पढ्यौं भने पनि उनीहरूको परिश्रमबाट नै उनीहरू हाम्रो देशको इतिहासमा अमर भएका छन् ।

परिश्रम नगरी त्यसै केही कुरा प्राप्त गर्न खोज्नु मूर्खता हो र यो सम्भव पनि छैन् । यस सम्बन्धमा हाम्रो वैदिक कालको एउटा चाखलाग्दो कथा जानौं ।

भारद्वाज नाम गरेका एक जना विद्वान् मुनि थिए । उनका एक जना छोरा थिए । उनको नाम यवक्रित थियो ।

यवक्रितलाई परिश्रम नगरीकन नै विद्या आर्जन गर्ने कुरा मनमा उठ्यो । यसको लागि उनी तपस्या गर्न नदीको किनारमा गए । उनले इन्द्रको तपस्या गर्न लागे ।

धेरै कालसम्मको उनको कठोर तपस्यापछि इन्द्र खुसी भए र उनी छेउ आएर भने, "यवक्रित, तिम्रो तपस्या देखी म खुसी भएँ । अब तिमी आफूलाई इच्छा लागेको केही वर माग, म दिनेछु ।"

इन्द्रको यस कुरामा यवक्रित खुसी भएर भने, "हे देवराज इन्द्र ! यदि हजुर मदेखि प्रसन्न होइबक्सिन्छ भने म नपढीकन नै सम्पूर्ण वेदको ज्ञाता हुन सकूँ "

यवक्रितको यस्तो कुरामा इन्द्रलाई आश्चर्य लाग्यो । उनले भने, "यवक्रित वेद जान्नको लागि तपस्या गर्नुपर्ने होइन । यसका लागि तिमी गुरुकहाँ जाऊ र विद्या आर्जन गर ।"

यवक्रितले भने, "देवराज ! म गुरुकहाँ गई परिश्रम गरेर पढ्न चाहन्छु । म नपढीकन नै विना परिश्रम नै विद्या आर्जन गर्न चाहन्छु । यसैले हजूर मदेखि प्रशन्न हुनुहुन्छ भने मलाई सपूर्ण वेदको ज्ञाता हुने वर दिनुहोस् । होइन भने म यही प्राण त्याग्नेछु ।"

यवक्रितको यस्तो जिद्दीमा इन्द्रलाई धेरै फसाद परयो । उनले यवक्रितलाई धेरै सम्झाइ बुझाई गरी स्वर्गलोकमा फर्के,। तर पनि यवक्रितले तपस्या गर्न छोडेनन् । यसको लागि इन्द्रले एउटा उपाय सोचे । उनी एक दिन एउटा ब्राह्मणको भेषमा यवक्रितले तपस्या गरेको ठाउँमा

आए । अनि किनारको बालुवालाई धमाधम नदीको बीचमा मिल्काउन थाले । जति उनी मिल्काउँथे, पानीले त्यति नै बालुवा बगाएर लैजान्थ्यो । उनको यो परिश्रम देखेर यवक्रितलाई आश्चर्य लाग्यो । उनले सोधे, 'हे ब्राह्मण ! तपाईं यति मिहिनेत गरेर यो नदीमा के गर्न लाग्नु भएको हो ?"

ब्राह्मणरुपी इन्द्रले जवाफ दिए, "म यो बालुवाबाट नदीमा पुल बनाउन चाहन्छु ।"

यो कुरा सुनेर यवक्रितलाई हाँसो उठ्यो । उनले भने, "तपाईं मूर्ख हुनुहुँदोरहेछ । कहीं बालुवाले नदीमा पुल बन्छ ? यो असम्भव कुरा तपाईं नगर्नुहोस् र यो समयलाई चाहिंदो काममा लगाउनुहोस् । यसैमा तपाईंको कल्याण छ ।"

यवक्रितको यस्तो कुरामा इन्द्रले भने, "तपाईं विनापरिश्रम, विद्या आर्जन नगरीकन संपूर्ण वेद जान्न खोज्नुहुन्छ भने मैले बालुवाले पुल बनाउन नसकुँला र ?"

इन्द्रको यस कुराले यवक्रितको आँखा खुल्यो। उनले 'मलाई यो जवाफ दिने पक्कै इन्द्रै हुन्, भन्ने पनि चिनिहाले । अनि उनले तुरुन्तै आफ्नु भूल स्वीकार गरी इन्द्रसग माफी मागे । त्यसपछि उनी आफ्ना बाबु भारद्वाज कहाँ गई शिक्षा हासिल गर्न लागे । थोरै दिनमा उनी आफ्नो परिश्रमले भारी विद्वान् पनि भए ।

अभ्यास

१. (क) परिश्रमको महत्त्व बताऊ ।
   (ख) यवक्रित को थिए र इन्द्रद्वारा कसरी उनको आँखा खुल्यो, सुनाऊ ।

२. **तलका वाक्यहरूमा ठीक बेठीक छट्टयाऊ**
   (क) परिश्रमविना केही कुराको पनि प्राप्ति हुँदैन ।
   (ख) परिश्रमले हाम्रा शरीरका अंगहरू त्यसै निष्क्रिय हुन्छन् ।
   (ग) यवक्रितलाई परिश्रमबाट नै विद्या आर्जन गर्ने कुरा मनमा उठ्यो र उनी नदी किनारमा तपस्या गर्न गए ।
   (घ) इन्द्रले नदीमा बालुवाको पुल बाँध्न लागेको देखेर यवक्रितले खुशी हुँदै भने, "हे ब्राह्मण ! तपाईं यति मिहिनेत गरेर के गर्न लाग्नुभएको हो ?

३. **तलका शब्दहरू राखेर उपयुक्त वाक्य तयार पार**
   (क) सामुदायिक (ख) अभिमान (ग) प्रवचन (घ) सुखभोग (ङ) दृढप्रतिज्ञा (च) दक्षता (छ) नियन्त्रण (ज) हतोत्साही (झ) मतभेद (य) दुराचार

पाठमा परेका गाह्रा शब्दहरू

शब्द	**अर्थ**
प्रतापी –	पुरुषार्थी, नाम चलेका
हतोत्साही –	उत्साह नभएको, आँट नभएको
वैमनस्य –	शत्रुता, दुष्मनी
कलह –	झगडा
उत्तेजनात्मक –	उत्तेजना वा जोश फैलाउने
उच्छृंखला –	नीति, नियम वा शिष्टता विरुद्ध

दुराचार –	आचरण विरुद्धको काम
स्थायित्व –	सधैंभरि रहने
प्रायश्चित्त गर्नु –	भोग्नु, कटाउनु
आचरण –	काम कार्वाही
आर्जन –	कमाइ
आस्था –	विश्वास
निस्क्रिय –	काम नगर्ने, काम नलाग्ने
ज्ञाता –	जान्ने ।

एकाइ चार

राष्ट्रप्रति वफादारी

हाम्रो प्यारो चाड बडा दशैं

राष्ट्रप्रति वफादार हुनु हाम्रो परम कर्तव्य हो । आफ्नो लोक संस्कृति, परंपरा, धर्म र आचरणको पालना गरी राष्ट्रियताको अभिवृद्धि गर्नु नै राष्ट्रप्रतिको वफादारी हो । यसैमा हाम्रो कल्याण छ । यसैमा हाम्रो समुन्नति छ ।

हाम्रो देश संसारमा एक मात्र हिन्दू राज्य हो । यहाँका अधिकांश जनता हिन्दू धर्म मान्दछन् । यसैले हामी हाम्रो परंपरा र लोक संस्कृतिलाई हाम्रै धर्म र व्यवहार अनुसार मनाउने गर्दछौं। यी परंपराहरू मध्ये हामीले मान्ने हाम्रा चाडपर्वहरू पनि आफ्नै किसिमका छन् । यिनीहरूको आफ्नै विशेष महत्त्व छ ।

बडा दशैं हामी हिन्दूहरूको पवित्र र महान् चाड हो । यो चाड आश्विन शुल्क प्रतिपदादेखि पूर्णिमासम्म पन्ध्र दिन मनाइन्छ । यसको लागि पहिलो दिनलाई घटस्थापनाको दिन भनिन्छ । यो दिन मानिसहरूले विधिविधानसहित घरघरमा जमरा राख्छन् । शक्तिकी देवी दूर्गा भवानीको पूजा आराधना गर्दछन् । यो क्रम नौ दिनसम्म अर्थात् नवमीको दिनसम्म नै चलिरहन्छ । विभिन्न देवीका मन्दिरहरूमा दर्शन गर्ने मानिसहरूको घुइँचो लाग्छ । यसै अवसरमा उनीहरू काली दुर्गाको पाठ र पूजा गर्दछन् । यी दिनहरूमा बालकदेखि वृद्धसम्म नै आपनो प्यारो चाड बडा दशैमा खुसी मनाइरहेका देखिन्छन् ।

घटस्थापनाको सातौं दिनमा फूलपातीको उत्सव मनाइन्छ। यो दिन विशेष गरी देशको राजधानी काठमाडौंमा रमाइलो हुन्छ। यस दिन फूलपाती भिद्याउने काम हुन्छ र टुँडिखेलको सैनिक मन्च अगाडि लहरे बढाईंको विशेष कार्यक्रम हुन्छ। यस अवसरमा श्री ५ महाराजाधिराज-बाट समेत यो विशेष कार्यक्रम नजर गरिबक्सिन्छ।

यसको भोलिपल्ट महाष्टमी हो। यसलाई कालरात्री दिन पनि भनिन्छ। दुष्ट दानव-हरूको सम्हारका लागि यस दिन दुर्गा भवानीले विनाशकारी अर्थात् काल स्वरूपको रूप धारण गरेकोले यस दिनलाई कालरात्री भनिएको हो। यस दिन केही मानिसहरू कालरूपकी देवीको नाममा देवीका मन्दिरहरूमा गई बलि चढाउँछन्। महानवमीका दिन पनि कोही कोही पशुहरूको बलिदिई देवीको पूजा गर्दछन्।

दशैंको दिनलाई विजया दशमी भनिन्छ। बडा दशैंको सबैभन्दा महत्त्वपूर्ण दिन पनि यही नै हो। यो दिन परिवारका मान्यजनहरूले आफूभन्दा सानालाई दही र अक्षताको रातोटिका र जमरा लगाइदिन्छन्। उनीहरूको सुख र समृद्धिको कामना गर्दै आशीष दिन्छन्। यो टिका-लाई दुर्गा भवानीको प्रसाद स्वरूप मानिन्छ।

यसबखत मानिसहरू नजीकका दाजु, भाइ, इष्टमित्र र नातेदारहरू कहाँ पनि टिका लगाउन जान्छन्। यसरी टिका लगाउने काम झण्डै पूर्णिमाको दिनसम्म नै रहन्छ। यस दिनको पूर्णिमालाई कोजाग्रत पूर्णिमा भनिन्छ। यस दिनको राति मानिसहरू जाग्राम पनि बस्दछन्। यसरी जाग्राम बस्नाले ऊदेखि लक्ष्मी प्रसन्न हुन्छिन् भन्ने हामीहरूको धारणा छ।

विजया दशमीको महत्त्व

उहिलेको कुरा हो। शुम्भ निशुम्भ नाम गरेका दुई दानव दाजुभाइ थिए। तिनीहरूले महादेवको तपस्या गरी कसैबाट पनि आफ्नो मृत्यु नहुने वर मागे, तर महादेवले यो कुरा मन्जुर गरेनन् र एउटी नारीबाट मात्र उनीहरूको मृत्यु हुनसक्ने वर दिए, तर नारीबाट आफ्नो मृत्यु हुनसक्ने कुराको उनीहरूलाई चिन्ता थिएन। किनभने संपूर्ण देव देवता-हरू समेतलाई जित्नसक्ने शक्ति उनीहरूले महादेवबाट पाएका थिए भने एउटी अबला नारी-बाट मृत्यु हुनसक्ने सम्भावना उनीहरूले देख्दै देखेनन्। यसैले ती दुई दुष्ट दानवहरूले पृथ्वीका संपूर्ण मानिसहरूलाई दुःख दिन थाले। त्यति मात्र होइन, उनीहरूको दुष्टताईले सारा स्वर्गका देवताहरू समेत आतंकित भए। स्वर्ग मर्त्य सबै ठाउँमा हाहाकार मच्चियो। यस अवस्थामा संपूर्ण देव देवताहरूले दुर्गा भवानीको प्रार्थना गरी शुम्भ निशुम्भको बध गर्ने अनुरोध गरे। दुर्गा भवानी काली रूपमा प्रकट भइन् र शुम्भ निशुम्भको बध गरिन्। त्यसैले आश्विन शुक्ल दशमीलाई विजया दशमीको रूपमा मानिएको हो।

अर्को भनाइ अनुसार यस दिन भगवान् श्री रामले रावणलाई मार्नको लागि लङ्कातर्फ प्रस्थान गरेका थिए र लङ्का विजय गरी सीतालाई लिई अयोध्या फर्किएका थिए ।

यसबाट हामी के थाहा पाउँछौं भने असत्यमाथि सत्यको जहिले पनि विजय हुन्छ । दुष्ट कामको विनाश हुन्छ । हामीले मान्ने विजया दशमी पनि यसको प्रतीक हो । हामी जहिले पनि

सत्यताको बाटोमा हिंडौं । अरूलाई दुःख र अशान्ति नदिउँ । दुर्गा भवानीले हामीलाई यही प्रेरणा दिऊन् र हाम्रो शक्तिको अभिवृद्धि गरी दुष्टहरूको नाश गरून् । हामीलाई हाम्रा मान्य-जनहरूले यस दिनमा दिने आशीष पनि यही हो ।

यस प्रकार हाम्रो प्यारो चाड बडादशैंको अन्त्य हुन्छ, तर यसको सामाजिक महत्त्व पनि अति नै छ । किनभने हाम्रो देश कृषिप्रधान देश हो । हाम्रो देशको विकास कृषि उत्पादनमा नै भरपरेको छ । हाम्रो प्रमुख कृषि उत्पादन धान हो । यसको खेती यति बेला कतै लहलहाउँदो देखिन्छ भने कसैले आफ्नो बाली भित्र्याइ सकेका पनि हुन्छन् । यसरी आफ्नो परिश्रमको फल पाउँदा हामीहरू दङ्ग परेका हुन्छौं । यही खुशीमा हामीहरू यस चाडलाई रमाइलो गरी राम्राराम्रा लुगा लगाई, स्वादिष्ट खानेकुराहरू खाई आनन्दले मनाउँछौं । यस

बेला हामीहरूको परिश्रमपछिको आनन्द लिने समय हो । किनभने परिश्रमको साथसाथै आरामको पनि हामीलाई आवश्यकता पर्दछ । त्यसको साथसाथै यस चाडले हामीलाई मान्यजनहरू-प्रति आदर सत्कार गर्ने, आफूभन्दा सानालाई माया गर्ने र आपसी प्रेम, सद्भावना र सहयोगको भावना प्रदान गर्दछ । आफ्नो नातेदार, इष्टमित्रहरूसँग रमाइलो भेटघाट हुने अवसर प्रदान गर्छ ।

अभ्यास

१. (क) बडादशैंको पर्वमा गरिने मुख्यमुख्य कार्यहरूको बयान गर ।

(ख) विजया दशमीको धार्मिक र सामाजिक महत्त्वको बयान गर ।

२. तलका खाली ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर

(क) बडादशैं ..... प्रतिपदादेखि पूर्णिमासम्म पन्ध्र दिन मनाइन्छ (आश्विन कृष्ण, कार्तिक शुक्ल आश्विन शुक्ल) ।

(ख) घटस्थापनाको.....मा फूलपातीको उत्सव मनाइन्छ (सातौं दिन, छटौं दिन, आठौं दिन) ।

(ग) .....का दिन कालरात्री मनाइन्छ (अष्टमी, नवमी, सप्तमी) ।

(घ) दशैंको.....मा विजया दशमी पर्दछ (एघारौं दिन, नवौं दिन, दशौं दिन ।

हामी हाम्रा राजाको जन्मोत्सव मनाऔं

पौष १४ गतेको दिन थियो । सारा देशभरि उल्लासमय वातावरणले छाएको थियो । सबै मानिसहरू खुशी थिए । सबै मानिस रमाएका थिए । विद्यालयहरूमा वादविवाद, खेलकूद, सङ्गीत आदिको प्रतियोगिता गरिएको थियो, कहीं सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गरिएका थिए । कहीं विद्यालय, पुल, खानेपानी आदिको उद्घाटन भइरहेको थियो । कहीं सफाइ आन्दो-



लन, कहीं प्रवचन कार्यक्रम, कहीं वृक्षारोपण कार्यहरू भइरहेका थिए । विद्यालय परिवार, सामाजिक कार्यकर्ता, कर्मचारी र अन्य जनताहरू जुलुसमा भाग लिएर ठाउँ-ठाउँका टुंडि-खेल, मैदान वा विद्यालयको चउरमा भेला भइरहेका थिए । अनि उनीहरू श्री ५ महाराजाधिराजको तस्बिरमा माल्यार्पण गर्दथे । मौसुफमा भक्तिपूर्वक शिर झुकाएर अभिवादन गर्दथे । त्यस दिन राती घरघरमा दिपावली भएको थियो । विद्यालय, कार्यालय र अन्य सार्वजनिक स्थानहरूमा पनि रंगीबिरंगी बत्तीहरू झिलिमिली बलेका थिए ।

रमेशले पनि आफ्नो विद्यालयको कार्यक्रममा भाग लिएको थियो । ऊ पनि त्यस दिन असाध्य खुशी थियो । किनभने वादविवाद प्रतियोगितामा ऊ पहिला भएको थियो । तर यी सबै कार्यक्रमहरू मनाउनुको त्यति सारो मतलब उसले बुझेको थिएन । उसले त्यस दिन खालि

हाम्रा राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–जन्मोत्सव हो भनेर मात्र जानेको थियो। यसैले उसले घरमा गएर आफ्ना बाबुसँग यस विषयमा सबै कुरा जान्न खोज्यो। उसको बाबुले श्री ५ महाराजाधिराजको शुभ–जन्मोत्सवको महत्त्व बताउँदै भन्नुभयो– "सुन रमेश, पौष १४ गते हामी नेपालीहरूको महान् चाड हो । किनभने यसै दिन हाम्रा राजा जन्मिबक्सिएको थियो । यसैले हामी हरेक वर्ष यस दिनलाई राष्ट्रिय चाडको रूपमा मान्दछौं। हामी हाम्रा राजाको सुस्वास्थ्य र दिर्घायुको कामना गर्दछौं । किनभने हामी हाम्रो राजालाई देवतासमान मान्दछौं ।

हामी नेपाली हौं। हाम्रो देश नेपाल हो। हामी चार जात छत्तीस वर्णका फूलबारी हौं, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको यो सुन्दर फूलबारीका हामी छरिएका फूल हौं, तर पनि हामी एक सूत्रमा आबद्ध भएर यो देशको विकास गर्न लम्केका छौं ।

हामीलाई यसरी एकतामा बाँधी देश विकासमा अग्रसर रहने प्रेरणा हाम्रा राजाहरूबाट नै पाएका छौं । यो कुरालाई हामी हाम्रा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण गरिबक्सेबाट थाहा पाउन सक्छौं ।

श्री ५ पृथ्वीनारायण शाहभन्दा पछिका राजाहरूबाट पनि हामीलाई धेरै कुराहरू सिकाई राष्ट्रप्रति इमान्दार बन्ने मार्ग दर्शाइबक्सेको छ। यी कुराहरू हामीले स्वर्गीय श्री ५ त्रिभुवन र श्री ५ महेन्द्रबाट गरिबक्सेका कार्यहरू र मौसूफका निर्देशनहरूबाट थाहा पाउन सक्छौं ।

हाल हाम्रा राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव होइबक्सिन्छ । मौसूफबाट श्री ५ महेन्द्रको स्वर्गारोहणपछि विक्रम संवत् २०२८ साल माघ १७ गते राज्यारोहण गरिबक्सेको हो । मौसुफको राज्यारोहणपछि देशमा विभिन्न किसिमका विकास कार्यहरू अझ द्रुततर गतिले बढ्नथालेको छ । मौसुफ देश विकासको क्रममा जनसहभागिताको ठूलो आवश्यकता महसुस गरिबक्सिन्छ । यसैले मौसुफको इच्छा अनुसार देशमा जनसहभागितामा आधारित विकास कार्यक्रमहरूको सञ्चालन भइरहेको छ । मौसुफको इच्छा अनुसार नै हाम्रो पञ्चवर्षीय योजनाहरूले पनि यही नीति अपनाएको छ। त्यसै गरी देश विकासको क्रममा पनि नेपाल अधिराज्यभर एक रूपमा समुचित विकास होस् र विकासको फाइदा सबैले उठाउन सकून् भनेर नै मौसुफबाट देशलाई पाँच विकास क्षेत्रमा विभाजन गरिबक्सेको छ। मौसुफ स्वयम्बाट बेलाबेलामा यी विकास क्षेत्रहरूको भ्रमण गरिबक्सिन्छ र सरकार र जनतालाई आवश्यक निर्देशन बक्सिन्छ। यस प्रकार राजाहरूबाट हाम्रो देशले ठूलो उपलब्धि प्राप्त गर्दै आएको छ। राजाकै नेतृत्वमा हामीले हाम्रो भाग्य निर्माण गर्ने अवसर पाएका छौं । एउटै राजमुकुटको छत्रछायामा नै हामी

पालिएका छौं, पोषिएका छौं। यही राजमुकुटले हामीलाई राष्ट्रियतामा आबद्ध गरी देश विकासको काममा अग्रसर गराएको छ। यस्तो राजमुकुट धारण गर्ने राजालाई हामी नेपालीहरू ईश्वर-समान मान्दछौं। हाम्रो महान् ग्रन्थ मनुस्मृतिमा पनि लेखिएको छः–

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः

महती देवता ह्येषा नररूपेण तिष्ठति ।।

यसको अर्थ हो– यो सानु छ अर्थात् थोरै उमेरको छ र यो त हामी जस्तै मानिस नै त होनि भनेर कसैले पनि राजाको हेलाँ नगरोस् । किन भने मानिसको रूपमा भए पनि राजा देवता समान हुन् ।

यसैले हामीहरूको लागि राजाको ठूलो महत्त्व छ। हामीले राजालाई मान्नुपर्छ। मौसुफ-प्रति आदर सत्कार गर्नुपर्छ। यो हामी नेपालीहरूको साझा कर्तव्य हो। राष्ट्रप्रति वफादार बन्ने यो हाम्रो एउटा ठूलो गुण हो।

अभ्यास

१. हाम्रा राजा को होइबक्सिन्छ ? मौसुफको शुभ–जन्मोत्सव मनाउनाको कारण देऊ।

२. तलका वाक्यहरूमा सबभन्दा ठीक कुन हो, छुट्टयाऊ

म. (क) हाम्रा राजाको शुभ–जन्मोत्सव भाद्र ४ गते पर्दछ।
(ख) हाम्रा राजाको शुभ–जन्मोत्सव कार्तिक २२ गते पर्दछ।
(ग) हाम्रा राजाको शुभ–जन्मोत्सव पौष १४ गते पर्दछ।
(घ) हाम्रा राजाको शुभ–जन्मोत्सव पौष १ गते पर्दछ।
(ङ) हाम्रा राजाको शुभ–जन्मोत्सव फागुन ७ गते पर्दछ।

आ. (क) हाम्रा राजा २०२७ सालमा राजा होइबक्सेको हो।
(ख) हाम्रा राजा २०२८ सालमा राजा होइबक्सेको हो।
(ग) हाम्रा राजा २०२९ सालमा राजा होइबक्सेको हो।
(घ) हाम्रा राजा २०२५ सालमा राजा होइबक्सेको हो।
(ङ) हाम्रा राजा २०३० सालमा राजा होइबक्सेको हो।

३. ह्राम्रा राजाको शुभ–जन्मोत्सवमा तिम्रो विद्यालयबाट के के कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ, तिनीहरूको एउटा सूची बनाई त्यसमा आफूले भाग लिनसक्ने कार्यक्रम सुनाऊ।

४. ह्राम्रा राजाको चित्र कोरी कक्षामा प्रदर्शन गर ।

हामी परोपकारी बनौं

परोपकार नै धर्म हो । हामीलाई हाम्रा धर्मग्रन्थहरूले यही कुरा सिकाएका छन् । हाम्रा अठार पुराण लेख्ने महर्षि वेदव्यासले यी सबै पुराणहरूको निचोडमा "परोपकार नै धर्म हो र अरूलाई दुःख दिनु पाप हो" भनेर परोपकारी कार्यलाई ठूलो महत्त्व दिएका छन् । परोपकारको यो महत्त्वलाई बुझेर नै पौराणिक कालका राजा रंतिदेवले भनेका थिए:–

न त्वहं कामये राज्यं, नस्वर्गं न पुनर्भवम् ।
कामये दुःखतप्तानां प्राणिनामार्तिनाशनम् ।।

यसको अर्थ हो– मलाई राज्य पनि चाहिंदैन, स्वर्ग पनि चाहिंदैन र पुनर्जन्म पनि चाहिंदैन । तर मेरो एउटा मात्र इच्छा छ, त्यो के हो भने मैले दुःखमा परेका प्राणीहरूको दुःख मोचन गर्न सकूँ ।

राजा रंतिदेवको कत्रो स्वार्थ त्याग ! कत्रो परोपकारी विचार! हामीले पनि यस्तै विचार लिएर हाम्रो कर्तव्यमा अगाडि बढ्नुपर्छ । यस कार्यले हामीलाई धर्म मात्र दिने होइन, हामीलाई समाजमा प्रेम, सद्भावना र सहयोगमा बाँच्न सिकाउँछ । दुःखी र निस्सहायहरूप्रति दयालु बन्ने प्रेरणा दिन्छ । हामीमा सेवाभावको विकास गर्छ । यो नै हामी मानव जातिको लागि कल्याणकारी बाटो हो ।

हाम्रो देशमा आजभोलि धेरै प्रकारका परोपकारी संघसंस्थाहरू खुलेका छन् । यी सबै संघसंस्थाहरूको उद्देश्य अरूको सेवा गर्नु नै रहेको छ । यी सबै संस्थाहरूको काममा समन्वय ल्याउन समाजकल्याण परिषद्को गठन पनि भएको छ । यस परिषद् अन्तर्गत पनि श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह होइबक्सिन्छ । यस परिषद् अन्तर्गत पनि विभिन्न समितिहरू खडा भएका छन् । त्यसमध्ये स्वास्थ्य सेवा समिति पनि एउटा हो । हाल हाम्रो देशको परोपकार संस्थाले यस समिति अन्तर्गत रहेर कार्य गरिरहेको छ ।

परोपकार संस्था र यसका कार्यहरू

२००७ सालभन्दा पहिले हाम्रो देशमा सङ्गठितरूपमा कुनै परोपकारी संघसंस्था थिएनन् । मानिसहरूलाई दुःख र कठिनाइ पर्दा सामाजिक तवरले सेवा गर्ने भावनाको बिकास भइसकेको थिएन । हैजा, विषमज्वर (टाइफाइड) र अरू विनाशकारी रोगहरू फैलिरहन्थे । स्वास्थ्य सुविधा त्यति थिएन । मानिसहरूको अकालले मृत्यु हुन्थ्यो ।

यी सबै कुरालाई ध्यानमा राखेर नै विक्रम संवत् २००४ सालमा परोपकार संस्थाको स्थापना भएको हो । यस प्रकारको सामाजिक सेवाले प्रेरित यो नै नेपालमा पहिलो परोपकारी

संस्था हो । शुरुमा यो संस्था परोपकार औषधालयको नाममा मात्र सीमित थियो । दुःखी, गरीब र निस्सहायहरूका लागि यसले स्वास्थ्य सेवाहरू उपलब्ध गराउँथ्यो । यस संस्थाको संस्थापक श्री दयावीर सिंह कंसाकार हुनुहुन्छ । सार्वजनिक रूपमा यस संस्थाले २००४ सालको शिवरात्रीको मेलामा पशुपतिनाथको दर्शन गर्न आउने यात्रुहरूका लागि स्वास्थ्य सेवा पुऱ्याएको थियो ।

२००७ सालमा देशमा प्रजातन्त्र आयो । यसको साथसाथै परोपकार संस्थाले आफ्नो कार्यक्षेत्र विस्तृत गर्दैल्यायो । यसको नाम पनि अब परोपकार औषधालयहरूबाट परोपकार संस्थामा बदलियो । यसले अनाथ टुहुरा बालबालिकाहरूका लागि भोजन र आश्रमको व्यवस्था मिलाउन २००९ सालमा परोपकार अनाथालयको स्थापना गऱ्यो । यिनीहरूको शिक्षा-दीक्षाको लागि २००७ सालमा परोपकार आर्दश हाईस्कूलको नामबाट एउटा माध्यमिक विद्यालय पनि खोल्यो । हाल परोपकार अनाथालयमा ५० जना टुहुरा बालबालिकाहरू पालिएका छन् र उनीहरू माध्यमिक विद्यालयमा निःशुल्क शिक्षा पनि प्राप्त गर्दैछन् । यस विद्यालय अरू सार्वजनिक जनताहरूको लागि पनि खुला छ । यो ठाउँ काठमाडौंको भीमसेन स्थानमा छ ।

यसदेखि बाहेक यस संस्थाले काठमाडौंमा एम्बुलेन्स सेवा र रक्तदान सेवा पनि चलाएको छ । यसबाट बेलामौकामा निकै मानिसहरूले मदत पाएका छन् । देशका ठाउँठाउँमा चिकित्सा केन्द्र र औषधालयहरू खोली दुःखी र गरीबहरूलाई निःशुल्क उपचार सेवा पुऱ्याएको छ । पर्व-पर्वमा यात्रुहरूको सुविधाको लागि अनेक कार्यहरू गरेको छ । महिलाहरूको लागि काठमाडौंको इन्द्रराज्यलक्ष्मी देवी प्रसूति गृहको स्थापना यस संस्थाको ठूलो देन रहेको छ ।

यसरी यो संस्था देशमा समानता र भातृत्वको भावनालाई जनसमक्ष पुऱ्याउने पहिलो सामाजिक संस्था हो । यसले जाति, धर्म र सम्प्रदायमा भेदभाव नराखी आपसी सहयोगबाट हामीलाई बाँच्न सिकाउँछ ।

रेडक्रस

हामीले गाउँ वा शहरमा हिंड्दाडुल्दा कुनै साइनबोर्ड, झन्डा वा मोटरको सेतो पृष्टभूमिमा रातो क्रस भएको चिह्न देखेको हुनुपर्छ । त्यो चिह्नसँग नेपाल रेडक्रस भन्ने शब्द पनि देखेको हुनुपर्छ । शहर बजारमा कुनै दैवी वा प्राकृतिक आपत्ति आइपरेमा र कोही मानिसलाई महामारी रोगबाट बचाउन तुरुन्तै अस्पतालमा पुऱ्याउन परेमा पनि क्वाँ क्वाँ आवाज निकाल्दै र माथि पिलिक पिलिक रातो बत्ती बाल्दै त्यही रेडक्रस चिन्हको मोटर आइपुगेको पनि हामीले देखेका छौं ।

हो । यस्तै परोपकारी कार्यको लागि नै हाम्रो देशमा रेडक्रसको स्थापना भएको हो, तर हामीले नेपालमा रेडक्रस संस्थाको स्थापना र यसका कार्यहरू थाहपाउनुभन्दा पहिले अन्तरराः-

ष्ट्रिय रेडक्रस संस्थाको स्थापना किन, कहिले र कसरी भयो भन्ने कुरा थाहा पाउनु पनि आवश्यक छ । यसबारे केही कुरा यस प्रकार छ :–

जेनेभा निवासी जॉ-हेनरी ड्युना (Jean–Henri Dunant) नाम गरेको एकजना मानिस धनी वेपारी थिए । उनी वेपारको सिलसिलामा एकचोटी फ्रान्सका बादशाह नेपोलियन तृतीयालाई भेट्न हिंडे । त्यतिबेला इटालीको सल्फेरिनो नाम गरेको शहरमा फ्रान्स र अष्ट्रियाको बीच भयंकर युद्ध चलिरहेको थियो । यो कुरा सन् १८५९ को हो । युद्ध रोकिएपछि ड्युना नेपोलियन तृतीयालाई भेट्न सल्फेरिनो पुगे । तर त्यहाँ उनले युद्धबाट घाइते भएका चालिस हजार-भन्दा बढी मानिसहरूको विभत्स दृश्य देखे । तिनीहरू युद्धबाट घाइते भएर लुला, लङ्गडा, काना भई अनेकौं कष्ट सहेर रोई कराई लडिरहेका थिए । त्यस अवस्थामा उनीहरूलाई सहारा दिने कोही थिएन । औषधि उपचारको अभावमा उनीहरूले प्राण त्यागिरहेका थिए । यस दृश्यले गर्दा ड्युनाको मनमा ठूलो चोट परयो । उनले अब आफ्नो वेपारको काम बिर्सिदिए र यी अशक्त घाइतेहरूको सेवामा लागे । त्यहाँ उनले वरिपरिका गाउँलेहरू समेतको मद्दत लिई घाइते सिपाहीहरूको उपचारको काममा लागे । हामी सब दाजुभाइ हौं । हामीले एकले अर्काको सहयोग गर्नुपर्छ भनेर गाउँलेहरूलाई संझाए । गाउँलेहरू सबजना उनको कामबाट प्रभावित भएर उनको साथ दिए ।

यसपछि ड्युना आफ्नो घर फर्के, तर उनको संझनामा युद्धको त्यो विभत्स दृश्य चाहिं रही नै रह्यो । उनले सल्फेरिनोको संझना नामको एउटा पुस्तक प्रकाशित गरे । यस पुस्तकले संसारमा हलचल मच्चायो । संसारका मानिसहरूलाई यस पुस्तकले दुःखमा परेकाहरूको मद्दत गर्नुपर्छ भन्ने चेतना जगायो । फलस्वरूप सन् १८६३ मा स्विजरल्याण्डको जेनेभा शहरमा अन्तरराष्ट्रिय रेडक्रसको स्थापना भयो । यसका जन्मदाता उनै हेनरी ड्युना हुन् । यस संस्थाका मुख्य सिद्धान्तहरू मानवता, निष्पक्षता, तटस्थता, स्वतन्त्रता, ऐच्छिक सेवा, एकता र विश्व व्यापकतामा आधारित छन् । यसैले यस संस्थाले जात, जाति, धर्म, वर्ण, लिंग र राष्ट्रियतामा फरक नराखी र निष्पक्ष तरिकाले दीन दुःखीहरूका लागि उत्तिकै सेवा पुऱ्याउँछ । शुरूमा यो संस्था युद्धकालीन घाइतेहरूका उपकारको लागि स्थापना भएको हो तापनि पछि गएर यसले आफ्नो कार्य विस्तृत पार्दै लगेको छ ।

नेपालमा रेडक्रस संस्था र यसका कार्यहरू

नेपालमा रेडक्रसको स्थापना विक्रम संवत् २०२० सालमा भएको हो । यस बेलादेखि यस संस्थाले निकै परोपकारी कार्यहरू गर्दै आइरहेको छ । हाल यो संस्था स्वास्थ्य समन्वय समिति अन्तर्गत रहेको छ ।

यस संस्थाले दुःखी, निस्सहाय र आपद्‌विपद्‌मा परेका मानिसहरूका लागि विभिन्न प्रकारको सेवा उपलब्ध गराउँदै आइरहेको छ। यसले दैवी प्रकोप जस्तोः– भुईंचालो, बाढीपहिरो, आगलागी आदिबाट दुःख पाएका मानिसहरूका लागि खानेकुरा, वस्त्र र आर्थिक सहायता पुऱ्याउँछ । आपद्‌विपद्‌मा परेकालाई अस्थायी बसोबासको प्रबन्ध मिलाउँछ । हैजा, विषमज्वर, (टायफाइड) आदि महामारीबाट मानिसहरूलाई बचाउन खोप, सुई दिने कार्यमा लाग्दछ । घुम्ती चिकित्सा टोली पठाई विभिन्न ठाउँका मानिसहरूलाई निःशुल्क उपचार सेवा पुऱ्याउँछ । मेला र पर्वहरूमा यात्रुहरूका लागि प्राथमिक उपचार प्रदान गर्छ । घाइते र बिरामी मानिसहरूलाई स्वास्थ्य–केन्द्र वा अस्पताल पुऱ्याउन एम्बुलेन्स सेवा उपलब्ध गराउँछ ।

यसबाहेक विदेशी शरणार्थीहरूका लागि पनि यसले अधिराज्यका ठाउँठाउँमा उनीहरूलाई बसोबासको प्रबन्ध मिलाइ‌दिएको छ। औषधि उपचारको व्यवस्था गरिदिएको छ । हालै यस संस्थाले काठमाडौंमा एउटा रक्तदान सेवा केन्द्रको पनि स्थापना गरेको छ । यसबाट समयमै आवश्यक परेको रगत प्राप्त गरी मानिसहरूलाई मृत्युबाट बचाएको छ ।

आजभोलि यसको कार्य झन् विस्तृत हुँदै गइरहेको छ । सामुदायिक सेवाका लागि यस संस्थाबाट स्वास्थ्य, शिशु स्याहार, पोषणयुक्त खाना र गृहकार्य सम्बन्धमा पनि ग्रामीण महिलाहरूमा आवश्यक सहायता पुऱ्याउँदै गइरहेको छ । ग्रामीण जनताहरूमा स्वास्थ्य शिक्षा र विभिन्न प्रकारका तालिम कार्यक्रमहरू चलाएको छ ।

अनाथ बालबालिकाहरूका लागि पोसिलो दूध वितरण गरी उनीहरूको स्वास्थ्य रक्षामा टेवा पुऱ्याएको छ । यस प्रकार नै रेडक्रसले परोपकारी कार्यहरू गर्दै आइरहेको छ ।

यस्तो परोपकारी कार्यका लागि सन्ततुलसीदासले लेखेका छन्ः–

परहित सरसि धर्म नहि भाई
परिपीडा समनहिं अधमाई

यसको अर्थ हो- अरूको हित गर्नुभन्दा बढी अरू कुनै धर्म छैन, अरूलाई दुःख दिनुभन्दा बढी अर्को कुनै पाप छैन ।

अङ्ग्रेजीमा पनि एउटा भनाइ छः–
Little deeds of kindness
Little acts of Love
Make this Earth an Eden
Like the Heaven above.

यसको सारांश हो- अरूप्रति दया र प्रेमले नै यो संसार स्वर्गतुल्य हुन्छ ।

स्काउट

हामीले मानव सेवाको लागि खडा भएका दुइटा संस्था परोपकार र रेडक्रसको बारेमा निकै कुरा जान्यौं । अब हामी यस पाठमा एउटा अर्को यस्तै परोपकारी संस्था स्काउटको बारेमा जान्ने छौं ।

हामीले हाम्रा राष्ट्रिय पर्वहरूमा जस्तो:– श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको शुभ-जन्मोत्सव, संविधान दिवस तथा प्रजातन्त्र दिवसका जुलुसहरूमा स्फूर्तिसाथ र अनुशासनपूर्वक भाग लिइरहेका स्काउटका टोलीहरूलाई देखेका छौं । यिनीहरूमा लडकाको पोसाक खाकीको कमिज, पेन्ट अथवा हाफ पेन्ट र लडकीहरूको हरियो फ्रक हुन्छ ।

घाँटीमा उनीहरूको टोली अनुसारको हरियो, पहेंलो वा अरू यस्तै रंगको स्काफ बाँधेका हुन्छन् । यी दिनदेखि बाहेक अरू हाम्रा धार्मिक तथा सामाजिक पर्वहरूका दिन पनि स्काउटका टोलीहरूले मानिसहरूका लागि ठाउँठाउमा क्याम्प खडा गरी प्राथमिक स्वास्थ्य उपचार, पानी वितरण, भिड हटाउने, घाइतेहरूलाई अस्पताल पुर्‍याउने र यस्तै अन्य आवश्यकीय सेवाहरू पुर्‍याउने गरेका देखिन्छन् । यिनीहरूको कार्यमा जहिले र जहाँ पनि मानव सेवाकै भावना रहेको हुन्छ । यिनीहरूको नारा छ– सेवाको लागि सधैं तत्पर होऊ । विश्व हाम्रो घर हो । विश्वका संपूर्ण जनता हाम्रा दाजुभाइ हुन् ।

स्काउट शान्तिको प्रतीक हो । आत्म अनुशासनमा रही मानव सेवा गरेर विश्वमा शान्ति स्थापना गर्नु नै यसको मूल लक्ष्य हो । यस लक्ष्य प्राप्तिको लागि स्काउटले ती प्रतिज्ञाको पालना गर्नुपर्छ । यसैले यिनीहरूको प्रतिज्ञा स्वरूप स्काउटको चिह्नमा तीन पात रहेको हुन्छ । तीन पातको स्वरूपमा रहेका यी तीन वटा प्रतिज्ञाहरू हुन् । (१) राष्ट्र र राष्ट्रियताप्रति वफादार रहनु (२) सधैं परोपकारी बन्नु (३) स्काउटको नियम पालना गर्नु । स्काउट बन्नुभन्दा पहिले यी तीन कुराको सपथ लिनुपर्छ ।

स्काउटका नियमहरू यी हुन्:– (१) विश्वास पात्र बन्नु (२) देश, नरेश र आफूभन्दा मान्यजनप्रति भक्तिभाव राख्नु (३) सहयोगी हुनु (४) भातृत्व तथा भगिनत्व दर्शाउनु (५) विनम्री हुनु (६) दयालु बन्नु (७) आत्म अनुशासनमा रहनु (८) सधैं हँसिलो रहनु (९) कम खर्च गर्नु र (१०) मन, वचन र कर्मले पवित्र हुनु ।

स्काउटको सुरू र नेपालमा यसको स्थापना

स्काउटको सुरू सर्वप्रथम बेलायतमा भएको हो । यसका प्रवर्तक बेलायतबासी श्री बेडेन पावेल हुन् । यिनको जन्म सन् १८५७ को फेब्रुअरि २२ तारेखका दिन भएको थियो ।

यिनी एक सैनिक थिए । यसै बेलातिर अफ्रिकामा लडाई चलिरहेको थियो। यस लडाईंको लागि बेलायतले आफ्नो सैनिक पठाउनुपर्ने भयो । यसका लागि यिनै बेडेन पावेलले एक शान्ति सेनाको संगठन गरे । यसलाई स्काउटको नाम दिइयो र लडाईंका लागि अफ्रिका पठाइयो । शुरुमा यस सेनालाई लडाईंका लागि तालिम दिइएको हो तापनि कारणवश यसले लडाई गर्नु परेन । अनि यो शान्ति सेनाको रूपमा रहेर मानव सेवाको काममा व्यस्त भयो । अलिअलि गर्दै संपूर्ण विश्वभरि नै स्काउटको तालिम शुरू गरियो । बेडेन पावेलको यस विचारलाई सबैले मान्यता दिए ।

विक्रम संवत् २००९ सालमा सर्वप्रथम स्काउटको तालिम शुरू भएको हो । शुरुमा केवल तीसजना मात्र विद्यार्थी यसमा समावेश थिए । हाल अधिराज्यभरि गरी जम्माजम्मी चौतीसहजार जति स्काउट कार्यरत छन् । यो संख्या वर्षेनि अझ बढ्दै जानेछ । यसको कार्यलाई विस्तृत रूप दिन विक्रम संवत् २०३० सालमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट यसको संशोधित नयाँ विधान बक्सियो । त्यस बेलादेखि नेपाल ब्वाय र गर्ल्स स्काउटको नाम बदलेर नेपाल स्काउटको नामाकरण भयो । यस समयमा नेपाल स्काउटको पञ्चवर्षीय सुदृढीकरण योजना पनि लागू भयो। यस संस्थाको मुख्य कार्यालय काठमाडौंको लैनचौरमा छ । यसका प्रमुख संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव र प्रमुख संरक्षिका श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह होडबक्सिन्छ ।

अभ्यास

१. (क) परोपकार भनेको के हो ? यसको अर्थ खुलाई परोपकारको महत्त्वलाई उदाहरण-सहित व्याख्या गर ।

(ख) तिमीले पढेका र जानेका परोपकार संस्थाहरूले गर्ने कार्यहरूको बेग्लाबेग्लै उल्लेख गरी तिनीहरूको कार्यमा मिल्दा कार्यहरू समेत छुट्ट्याऊ ।

(ग) स्काउटका नियमहरू के के हुन् लेख ।

(घ) तिमी आफूले गर्नसक्ने परोपकारी कार्यहरूको बयान गर ।

२. भाव व्यक्त गर

(क) न त्वहं कामये राज्यं, नस्वर्गं न पुनर्भवम् ।
कामये दुःख तप्तानां प्राणिनां मतिनाशनम् ।।

(ख) परहित सरसि धर्म नहि भाई
परपीडा समनहिं अधमाई

(ग) Little deeds of Kindness
Little acts of Love
Make this earth an Eden
Like the Heaven above.

३. तलका वाक्यहरूमा ठीक बेठिक छुट्टयाऊ

(क) परोपकार संस्थाको स्थापना सर्वप्रथम २००२ सालमा भएको हो ।

(ख) परोपकार अनाथालयको स्थापना २००९ सालामा भएको हो ।

(ग) रेडक्रसका जन्मदाता जेनेभा निवासी नेपोलियन तृतीय हुन् ।

(घ) नेपालमा रेडक्रसको स्थापना विक्रम संवत् २०१९ सालमा भएको हो ।

(ङ) स्काउटको सुरु सर्वप्रथम फ्रान्सबाट भएको हो ।

(च) नेपालमा विक्रम संवत् २००९ सालमा सर्वप्रथम स्काउटको तालिम सुरु भएको हो।

हाम्रो सुन्दर देश

हेर कति सुन्दर छ यो हाम्रो देश ! विश्वको नक्सामा एसियाको दक्षिण पूर्वी भागमा रहेको हाम्रो देश नेपाल प्राकृतिक दृष्टिले निकै सुन्दर भएको कुरा हाम्रो देशमा आउने विदेशी यात्रुहरू समेतले तारिफ गरेका छन् ।

वन जङ्गल, नदीनाला, चउर, मैदान यी सबै प्राकृतिक कुराहरू हुन् । प्रकृतिले नै हामीलाई यी कुराहरूको देन दिएको छ । यसैले हाम्रो देश विश्वका अरू देशहरूको दाँजोमा प्राकृतिक सुन्दरतामा धनी छ । यो हाम्रो लागि गौरवको विषय हो । यी कुराहरूको संरक्षण गरी यसलाई अझ बढी सदुपयोग गर्न सक्नु हाम्रो राष्ट्रियताको विकास गर्न सक्नु हो । किन-भने यी कुराहरू हाम्रा राष्ट्रिय सम्पत्ति हुन् । यसमा हामी सबैको साझा हक लाग्छ । साझा

हक लाग्ने हुनाले हामी सबैको साझा मिहिनेतबाटै यिनीहरूको संरक्षण हुनसक्छ। अनि यिनीहरूको संरक्षणबाट राष्ट्रको विकास हुन्छ। राष्ट्रको विकास हुनु हाम्रो आफ्नो विकास हुनु हो।

वन जङ्गल

हाम्रो देश पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ। उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत प्रदेश र दक्षिणमा भारतको सिमानासम्म रहेको छ। यति चार सिमानाभित्र रहेको हाम्रो देश मुख्यतया हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेशमा विभाजित छ

र हाम्रो देशको जम्माजम्मी क्षेत्रफल एक लाख, सतचालीस हजार, एक सय, एकासी वर्ग किलोमीटर छ। यसमध्ये हाम्रो देशमा करीब तीन खण्डको एक खण्ड वन जङ्गलले ढाकेको अनुमान गरिएको छ।

यी वन जङ्गलहरू हाम्रा लागि अति उपयोगी छन्। वन जङ्गलको काठबाट हाम्रा दैनिक आवश्यकताका सामान जस्तो:– बाल्ने दाउरा, गाईवस्तुका लागि पतकर, सोतर र स्याउलाको पूर्ति हुन्छ। यहाँको काठबाट हामीले घर बनाउने काठ र फर्निचरका सामान उपलब्ध गर्छौं। वन जङ्गलको विकासबाटै देशमा काठ चिरानी उद्योगहरूको स्थापना हुनसक्छ। वन जङ्गलबाटै सलाई, कागज आदि उद्योगको विकास हुन्छ। अनि वन जङ्गलबाट हामीले अनेक किसिमका जडीबुटीहरू प्राप्त गर्न सक्छौं।

यति मात्र होइन, वन जङ्गलले हाम्रो जस्तो पहाडी मुलुकको लागि भू–क्षयबाट हुने धेरै धनजनको नोक्सानीबाट बचाउँछ। वन जङ्गल भएका ठाउँमा मौसमी हावाद्वारा प्रशस्त पानी

पर्छ र त्यहाँको खेतीपाती राम्रो हुन्छ। वन जङ्गल भएका ठाउँमा दुर्लभ पशुपक्षीको संरक्षण राम्रो हुन्छ। प्राकृतिक दृष्टिले देशलाई वन जङ्गलले शोभायमान तुल्याउँछ।

अहिलेको तथ्याङ्क अनुसार हाम्रो देशको वन जङ्गल निकै मात्रामा मासिँदै गइरहेको छ। यही स्थिति रहेमा अब केही वर्षभित्रै हाम्रा संपूर्ण वन जङ्गल मासिनेछन्। जतातत भू-क्षय हुनेछ। हाम्रा दैनिक आवश्यकताहरू समेत हामीले पूरा गर्न नसक्ने अवस्थामा हुनेछौं। हाम्रो देशको आम्दानी घट्नेछ। यो घटी आम्दानीले गर्दा अरू विकास कार्यहरूमा बाधा पर्नेछ। हाम्रा वन जङ्गलमा आधारित उद्योगहरू बन्द हुनेछन्। हाम्रो देशका दुर्लभ पशुपक्षीहरू सिमाना-का अरू देशका जङ्गलतिर पस्नेछन्। देशमा पानी पर्न छोड्नेछ। कृषि प्रधान देशको हाम्रो उब्जनी घट्नेछ। हामी झन् झन गरीब हुँदै जानेछौं। हाम्रो देशको प्राकृतिक सुन्दरता घट्नेछ र यो देश एक दिन उजाड मरुभूमितुल्य देखिनेछ।

यसैले हामीले वन जङ्गलको संरक्षण गर्नुपर्छ। जथाभावी रूख कटानी गरी वन जङ्गल मास्ने काम गर्नुहुँदैन। मासिएका ठाउँमा पनि रूख बिरुवाहरू रोपी हुर्काउनुपर्दछ। सरकारले तोकिदिए बाहेकका ठाउँमा वन जङ्गल मासी बस्ती बसाल्नुहुँदैन। आफ्नो देशको सम्पत्तिलाई चोरी निकासी गर्नुहुँदैन। यस्तो कार्य गर्नु राष्ट्रको लागि घातक कार्य गर्नु समान हो।

नदीनाला

नदीनाला पनि हाम्रा राष्ट्रिय सम्पत्ति हुन्। देश विकासको क्रममा यिनीहरूको ठूलो महत्त्व छ। खेतीको लागि सिंचाइ र विद्युत् उत्पादन नै यिनीहरूका मुख्य काम हुन्। यसदेखि बाहेक हाम्रा दैनिक आवश्यकता पूरा गर्न पनि यसले ठूलो सहयोग गरेको छ। हाम्रो देशका करीब नब्बे प्रतिशत जनता यस्तै नदीनालाबाट नै खाने पानी र आफ्नो आवश्यकताका कार्यहरू पूरा गर्दछन्।

हाम्रो देश भूपरिवेष्ठित देश हो। हामीकहाँ समुद्र छैन र कुनै पनि समुद्रसँग यसको सिमाना जोडिएको छैन, तर पनि पानीका लागि हाम्रा नदीनाला नै हाम्रा सम्पत्ति हुन्। नदीनालामा हामी धनी छौं। मेची, कोशी, महाकाली, कर्णाली, त्रिशूली, वाग्मती, बबई जस्ता ठूलाठूला नदीहरूले हाम्रो देशको भाग्य निर्भर गरेको छ। यीमध्ये कोशी हाम्रो देशको सबै-भन्दा लामो र कर्णाली सबभन्दा ठूलो नदी हो। अधिराज्यबासी सबै ठूला नदीहरू मिलाएर सप्त-कोशी, सप्तगण्डकी र सप्तमहाकाली बन्दछन्। यीमध्ये हाम्रा अधिकांश ठूला नदीहरू हिमालयबाट बगी आउँछन् र यिनीहरू अटूट रूपमा बग्दछन्। यसले गर्दा हामीलाई धेरै फाइदा भएको छ। यी नदीहरूमा बाँध बाँधी सिंचाइ सुविधाहरू उपलब्ध भएको छ। अन्य विभिन्न ठाउँहरूमा पनि यस प्रकारका आयोजनाहरू सञ्चालन भइरहेका छन्, यसले गर्दा हाम्रो कृषि उब्जनी बढ्न

गएको छ । कृषि उब्जनी बढ्नु हाम्रो राष्ट्रिय उत्पादनमा वृद्धि हुनु हो । राष्ट्रिय उत्पादनमा वृद्धि हुनाले हाम्रो आर्थिक विकासको पनि वृद्धि हुन्छ ।

यी नदीहरूका पानीबाट देशमा विद्युत् सुविधा उपलब्ध भएको छ। हामीले घरघरमा बिजुली बत्ती बाल्न पाएका छौं । उद्योगधन्दा चलाउन यसले मद्दत गरेको छ । देश विकासको क्रममा यो एउटा पूर्वाधार हो। किनभने विद्युत् शक्तिबाट नै ठूलाठूला उद्योगहरूको स्थापना सम्भव हुनआउँछ । उद्योगको विकासले नै देशको विकास हुन्छ। हाल हाम्रो देशमा सञ्चालित केही ठूला विद्युत् उत्पादन केन्द्रहरू त्रिशूली र कोशी हुन्। हाल देशमा कुलेखानी विद्युत् आयोजनाबाट पनि विद्युत् वितरण हुन लागेको छ। अहिलेसम्म हाम्रो देशको यो एउटा सबभन्दा ठूलो विद्युत् उत्पादन केन्द्र बनेको छ । यसको कार्य पूरा भएपछि विद्युत् वितरण कार्यमा निकै क्षमता बढ्नेछ । यस बाहेक देशमा अरू ठूला साना विद्युत् आयोजनाहरू पनि सुरु गरिएका छन्। यसबाट अधिराज्यको प्रायः सबै ठाउँमा विद्युत् सुविधा उपलब्ध हुनसक्ने आशा राखिएको छ ।

सिंचाइ र विद्युत् शक्तिबाहेक हाम्रा नदीनालाहरूमा माछा पनि प्रशस्त पाइन्छ। यसले हाम्रो पौष्टिक आहाराका लागि मद्दत गर्छ ।

यी सबै कारणले गर्दा नदीनाला हाम्रा राष्ट्रिय सम्पत्ति हुन् भन्ने कुरा प्रस्ट हुन्छ । पहाड पर्वतहरूमा ढुङ्गाअग्ला ठाउँहरूबाट यी नदीहरू खस्दा देखिने झरनाको प्राकृतिक सौन्दर्य पनि अति नै मनमोहक हुन्छ । यसले देशको प्राकृतिक सौन्दर्य पनि बढाएको छ। यसैले हामीले हाम्रा नदीनालाहरूको राम्रो सदुपयोग गरी यसबाट फाइदा लिन जान्नुपर्छ । "यी त्यसै बग्ने कुरा त हुन् नि" भनेर बेवास्ता गर्नुहुँदैन। यिनीहरूलाई जथाभावी बग्न दिई त्यसै खेर जानुबाट रोक्नुपर्छ । यिनीहरूले जहाँबाट पनि आफ्नो बाटो लिएमा हाम्रा कृषियोग्य जमीनहरूको पनि नोक्सानी हुन्छ । हिउँदमा सुक्ने नदीनाला छन् र यसबाट आफूलाई असुविधा हुने भएमा समयमा त्यसको प्रबन्ध गर्नुपर्छ । गाउँलेहरूको सामूहिक सहयोगबाट सानोतिनो बाँध बाँधेर पनि यसको उपयोग गर्न सकिन्छ ।

यीबाहेक नदीनालाको संरक्षणका लागि हामीले जान्नुपर्ने अर्को एउटा कुरा पनि छ । यी नदीनालामा वा यसको छेउछाउमा हामीले दिसा पिसाब गरी फोहोरमैला गर्नुहुन्न । पानीलाई आफूले वा जथाभावी गाईवस्तुद्वारा धमिल्याउनु पनि हुन्न । किनभने फोहोर र मैला पानीले हाम्रो स्वास्थ्य खराब हुन्छ । यसर्थ खानेपानी सफा र स्वच्छ राख्न हामीले सधैं कोशिश गर्नुपर्छ ।

पार्क र खेल मैदान

हामी मानिस हौं । मेशीन होइनौं । हामी परिश्रम गर्छौं। हामीलाई थकाई लाग्छ । थकाई मेट्न हामी केही छिन भए पनि आराम गरेर आनन्द लिन चाहन्छौं। यही आनन्दमा हामी हाम्रा दुःखहरू भुल्छौं र जीवनलाई सुखी तुल्याउँछौं ।

जीवनलाई सुखी तुल्याउने र आनन्द लिने धेरै बाटाहरू छन्। तीमध्ये मनोरञ्जन गर्ने र सुन्दर वस्तुहरू हेरी त्यसैमा आफूलाई भुलाउने हाम्रो एक स्वाभाविक प्रकृति हो। यसले मनमा शान्ति मिल्छ । शान्तिबाटै मन स्वच्छ र स्फूर्तिलो हुन्छ । हाम्रो शरीर पनि स्वस्थ हुन्छ ।

पार्क र खेल मैदानहरू हामीलाई आनन्द दिने भौतिक साधन हुन्। यिनीहरू सुन्दरताका प्रतीक पनि हुन् । यहाँ गएर हामी बस्छौं, खेल्छौं र रमाउछौं। कहिलेकाहीं आफ्ना सबै परिवार-हरू लिएर पनि हामी यी ठाउँहरूमा गएर रमाइला-रमाइला गफ ठट्टाहरू गरी दिन बिताउछौं, वन भोज गर्छौं । साथीभाइहरू मिली अनेकन खेलहरू खेल्छौं । हाम्रो यस सुविधाका लागि सरकारले ठाउँठाउँमा यस्ता पार्क र खेल मैदानहरूको प्रबन्ध मिलाइ दिएको हुन्छ । कुनै कुनै गाउँ वा नगरमा हामी आफूआफू नै मिलेर पनि यस्ता ठाउँहरू बनाउन सक्छौं । यस्ता ठाउँहरू हाम्रो देशमा धेरै छन् ।

पार्क र खेल मैदानहरू हाम्रा राष्ट्रिय सम्पत्ति हुन् । यिनीहरूको प्रबन्धका लागि हाम्रो परिश्रम र धन दुवै लागेको हुन्छ । व्यक्तिगत वा सामूहिक जुनसुकै प्रकारको परिश्रम वा धन लागेता पनि यी सार्वजनिक वस्तुहरू हुन् । यसलाई हामीले राष्ट्रको नै धन लागेको सम्झनुपर्छ । यिनीहरूको नाश भएमा वा भत्किई बिग्रिएमा फेरि राष्ट्रिय सम्पत्तिकै नै नाश हुन्छ । यी कुराहरूलाई हामीले सोच्नुपर्छ र यिनीहरूको संरक्षण गर्नुपर्छ । यसले हामीले पार्क वरिपरि लगाइएको पर्खाल वा बारलाई बिगार्ने वा भत्काउने गर्नुहुँदैन । पार्कभित्रको बगैंचाका बोटबिरुवा र फूलहरूलाई भाँच्ने वा टिप्ने गर्नु हुँदैन । यसभित्र वा यसको वरिपरि कुनै काम नलाग्ने चीजबीज फ्याँकेर फोहोर तुल्याउनुहुँदैन । दिसा पिसाब गरी दुर्गन्ध पार्नुहुँदैन । यहाँ बस्नको लागि बनाइएका काठ, ढुङ्गा वा सिमेन्टका मेचहरू फोड्नुहुँदैन ।

त्यसै गरी खेल मैदान वरिपरि फोहोर पार्नुहुँदैन । खेल मैदानहरूमा खाल्टो पारी वा अरू कुनै किसिमबाट यसलाई बिगार्नुहुँदैन । खेल मैदानहरूमा उम्रेका र काम नलाग्ने झारपातहरूलाई उखेली मिल्काउने गर्नुपर्छ । अनि मात्र हामीलाई त्यहाँ खेल्न रमाइलो हुन्छ ।

यूरोप, अमेरिका जस्ता विकसित मुलुकहरूमा सुन्दर पार्कहरू जहाँतहीं पाइन्छन् । यहाँ मानिस दिन रात नै भनेजस्तो बसेर आनन्द लिन्छन् । यसमा उनीहरू गर्व पनि गर्छन् । उनीहरू कहिल्यै यस्ता सार्वजनिक स्थानहरू नास्ने बिगार्ने गर्दैनन् । हामीले पनि यस्ता गुणहरूको विकास गर्दै जानु आवश्यक छ । अनि मात्र हामी सभ्य र सुसंस्कृत कहलाउछौं । हाम्रो देश विकास पथमा लम्कनेछ । यस संदर्भमा हाम्रा राजा श्री ५ वीरेन्द्रबाट पनि हुकुम भएको छ– वास्तवमा विकास भन्नु नै मानिसको नैतिक तथा चारित्रिक उत्थान हो ।

अभ्यास

१. हाम्रो देशलाई एशियाको स्विट्जरल्याण्ड पनि भनिन्छ, उदाहरणसहित पुष्टि गर ।
२. वन जङ्गल, नदीनाला, पार्क र खेल मैदानहरूको महत्त्वबारे बयान गर ।
३. हाम्रा प्राकृतिक साधनहरू के के हुन्, तिनीहरूको संरक्षण गर्ने उपायहरू बताऊ ।
४. राष्ट्रप्रति वफादार बन्नको लागि हुनुपर्ने गुणहरूको एउटा सूची तयार पार र तिनीहरूमा तिमी आफूले गर्नसक्ने कार्यहरू कुन रूपमा गर्न सक्छौ, सुनाऊ ।

पाठमा परेका गाह्रा शब्दहरू

शब्द	अर्थ
लोक संस्कृति–	समाजमा पहिलेदेखि चलिआएको रितिस्थिति
परंपरा–	पहिलेदेखि चलिआएको कुरा
अभिवादन–	सम्मान सूचक शिर झुकाउनु

जन सहभागिता–	सबैले मिलेर गरिने
भूपति–	राजा
जगभरि–	संसारभरि, विश्वभरि
मोचन गर्नु–	हटाउनु, छोड्नु
भातृत्व–	भाइचारा, भाइ-भाइको सम्बन्ध
विभत्स–	डरलाग्दो, घिनलाग्दो
खोरण्डो–	एउटा खुट्टा मात्र भएको
तटस्थता–	कतै पट्टि पनि नलागी चुप बस्न
विस्तृत–	फैलिएको
प्रतोक–	चिह्न
भगिनत्व–	बहिनी बहिनी बीचको सम्बन्ध, सबैलाई बहिनी समान देख्नु
सुदृढीकरण–	सुदृढ गर्नु, बलियो तुल्याउनु, राम्रो पार्नु
प्रवर्तक–	जन्मदाता
भूक्षय–	जमीन नाश हुने क्रिया
घातक कार्य–	चोट पुऱ्याउने कार्य, ठूलो अपराध समान कार्य
भूपरिवेष्ठित–	चारैतिर जमीनले घेरिएको, चार सिमानामा कतै पनि समुद्रले नछोएको
मनमोहक–	मनलाई आकर्षण तुल्याउने, मनलाई आनन्द दिने
भौतिक–	संसारिक, पृथ्वीबाट उत्पन्न भएको, पञ्चमहाभूतबाट बनेको

एकाइ पाँच

हाम्रो संस्कृति

हाम्रो परंपरागत मान्यता

हामी परिवारमा जन्मन्छौं । परिवार एउटा समाज हो र हाम्रो मृत्यु पनि समाजभित्र हुन्छ । यसैले हामी समाजका एक अभिन्न अंग हौं ।

समाजभित्र अनेक मान्यताहरू हुन्छन् । यो मान्यताहरू हाम्रा नियम र अनुशासनहरू हुन् । हामीलाई यिनै नियम र अनुशासनहरूले जीवनको हरेक क्षेत्रमा काम गर्न मद्दत पुरयाई रहेको हुन्छ । यिनीहरूले नै हामीलाई हाम्रो जीवनमा एक निर्दिष्ट बाटो देखाएको हुन्छ । सोही बाटोलाई अवलम्बन गर्दै जाँदा हाम्रा लक्ष्यहरू पूरा हुन्छन् ।

हामी नेपालीहरू परंपरा प्रेमी छौं । हामील मान्नुपर्ने धेरै प्रकारका मान्यताहरू छन् । ती मान्यताहरू सामाजिक, धार्मिक, राजनीतिक आदि हुन् । देश, काल र परिस्थितिले यी मान्यताहरूलाई प्रभाव पारेको हुन्छ । यसले देश, काल र परिस्थिति बुझेर काम गर्नसक्नु नै हाम्रा मान्यताहरूको परिपालन गर्नु हो ।

हामी हाम्रा परंपरागत मान्यताहरूलाई कहिल्यै बिर्सन सक्दैनौं । यो हाम्रो जन्मदेखिको संस्कार हो । हामी जन्मेपछि हाम्रो न्वारान पास्नी गर्ने परंपरा, व्रतबन्ध र विवाहको परंपरा, पितृकार्य र अन्य पूजा–आजा गर्ने परंपरा आदि सबै हाम्रा मान्यताहरू हुन् । यसदेखि बाहेक ईश्वरभक्ति, पितृभक्ति, गुरुभक्ति, मान्यजनहरूप्रति गर्ने आदर सत्कार, अतिथि सत्कार, पारिवारिक एकता र सहयोग, सामूहिक सहयोगका व्यवहार पनि हाम्रा मान्यताहरूभित्रै पर्दछन् । यसबाट नै हाम्रो राष्ट्रको सभ्यता संस्कृति झल्किएको छ । राष्ट्र र राजमुकुटको संरक्षण भएको छ । हामी राजभक्त तथा देशभक्त बनेकाछौं ।

तर आजभोलि देशमा अनेकौं विदेशी नक्कलहरू हुन थालेका छन् । आफ्नो देशको हावापानी र माटो नसुहाउने विदेशी मान्यताहरू यहाँ फैलिन थालेका छन् । आधुनिकताको नाममा युवक युवतीहरू आफ्नो परंपरागत मान्यताहरू छोडन थालेका छन् । यसतर्फ हामीले विचार पुरयाउनुपर्ने बेला आएको छ । ती विदेशी नक्कलहरू हाम्रो समाजमा कतिसम्म मान्य हुनसक्छन्, विचारणीय कुरा छ । हामीले त हाम्रै परंपरागत मान्यताहरूको विकास गर्दै

जानुपर्छ । अनावश्यकीय मन्यताहरूलाई मिल्काउनुपर्छ र आवश्यकीय मान्यताहरूको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ । किनभने यी मान्यताहरू हाम्रा पूर्वजहरूले सोची विचारी र आफ्नो धर्मकर्मकै आधारमा स्थापना गरेका हुन् । फेरि यी मान्यताहरू देशको भौगोलिक, सामाजिक, धार्मिक र आर्थिक प्रभावभिन्न रहेका छन् । यसैले हाम्रा परंपरागत मान्यताहरू कुनै सामाजिक दृष्टिले महत्त्व राख्दछन् भने कुनै धार्मिक दृष्टिले महत्त्व राख्दछन् । अनि कुनमा आर्थिक प्रभाव परेको छ भने कुनैमा भौगोलिक प्रभाव परेको देखिन्छ । यसैले हाम्रो देशका पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म बसोबास गरेका र विभिन्न जातजातिका मानिसहरूको परिस्थिति र चालचलनमा विभिन्नता देखिन्छ ।

हाम्रा सांस्कृतिक र धार्मिक वस्तुहरू

हामी परंपरा प्रेमी छौं र हाम्रा मान्यताहरूलाई हामीले परिपालन गर्दै आएको कुरा हामीले यस अघिको पाठमा जानिसक्यौं । यसै सिलसिलामा हाम्रा सांस्कृतिक र धार्मिक वस्तुहरूको महत्त्व बुझी यसको संरक्षण कार्य गर्नु पनि हाम्रो लागि उत्तिकै आवश्यक छ । अब हामी यस पाठमा यही कुरा जान्नेछौं ।

हामी हाम्रो संस्कृति र धर्मको प्यारा छौं । हामीलाई हाम्रो संस्कृति र धर्मको माया लाग्छ । किनभने यसले हाम्रो राष्ट्र र राष्ट्रियताको जगेर्ना गरिरहेको छ । विश्वमा हाम्रो सभ्यता र संस्कृतिको परिचय गराएको छ ।

सांस्कृतिक वस्तु र धार्मिक ग्रन्थहरू हाम्रा अमूल्य निधि हुन । यसबाट नै देशको सामाजिक, आर्थिक, राजनीतिक इतिहास थाहा पाउन सकिन्छ । देशको सभ्यता र संस्कृति जान्न यस कुरालाई हामी केही उदाहरणहरूद्वारा प्रस्ट पार्न सक्छौं ।

हाम्रो संस्कृति वैदिक र पौराणिककालको संस्कृतिमा आधारित छ । यसैले यसलाई विश्वको सबभन्दा पुरानो संस्कृति हो भनेर मान्न सकिन्छ । यस संस्कृतिमा आधारित हाम्रो नेपाली समाज र हाम्रो देश नेपालको विकास पनि यसै समयतिर लेखिएका वेद र पुराणहरूमा उल्लेख भएको पाइन्छ । कौटिल्यको अर्थशास्त्रबाट समेत ईसापूर्व छैठौं शताब्दी अर्थात् आजभन्दा करीब छब्बीस सय वर्ष अगाडि नै नेपालमा उत्पादित वस्तुहरू भारतका विभिन्न प्रदेशमा निकासी भएको कुरा थाहा पाउन सकिन्छ । त्यसै गरी भारतका सम्राट् समुद्र गुप्तको समयमा भारतको प्रयागमा स्थापित शिलालेखबाट इसापूर्व चौथो शताब्दीमा नै नेपाल एक राष्ट्रको रूपमा रहेको कुरा जान्न सकिन्छ । अनि हाम्रा लिच्छविकालका राजा मानदेवको समयमा स्थापना भएको चाँगुनारायणको शिलालेखबाट त्यस समयमा नेपालको सिमाना पूर्वमा सप्तकोशीदेखि पश्चिममा सप्तगण्डकीसम्म फैलिएको कुरा उद्धृत छ । मकवानपुर

जिल्लाको टिष्टुङ्गमा विक्रम संवत् ४३४ मा स्थापना भएको अभिलेखबाट पनि "स्वस्ति नेपालेभ्य" शब्दले हाम्रो देशको बारेमा जान्न सकिन्छ । यस्तै यस्तै अरू धेरै शिलालेख, देव देवीका मन्दिरहरू, पुराना पाटीपौवा र भवनहरू र धार्मिक र पौराणिक ग्रन्थहरूबाट हामी हाम्रो वैदिककालदेखिको सभ्यता र संस्कृति जान्न सक्दछौं । हाम्रा मान्यताहरू बुझ्न सक्छौं । हाम्रा ज्ञानको भण्डार बढाउन सक्छौं । यसैले हामीले हाम्रा सांस्कृतिक र धार्मिक वस्तुहरूको संरक्षण गरी तिनीहरूको सदुपयोग गर्न सकेमा मात्र हामी र हाम्रो देशको कल्याण हुन्छ । यसको लागि अधिराज्यका अनेक ठाउँहरूमा उत्खनन् कार्यहरू भइरहेका छन् । यहाँ अनेक शिलालेखहरू प्राप्त भएका छन् र यसबाट हाम्रो देशको अरू इतिहास जान्न सजिलो भएको छ । देव देवीका मन्दिरहरू र ऐतिहासिक भवनहरूको जिर्णोद्धार कार्य भइरहेका छन् । हाम्रा सांस्कृतिक र धार्मिक ग्रन्थहरूको संरक्षणको लागि राष्ट्रिय अभिलेखालय र संग्रहालय खोलिएका छन् ।

यस्ता सांस्कृतिक र धार्मिक विधिहरूको संरक्षण र सदुपयोगको लागि हामी सबैको सामुहिक सहयोग आवश्यक पर्न आउँछ । यी सांस्कृतिक र धार्मिक वस्तुहरू चोरी निकासी गर्नु हुँदैन । यसबाट देशलाई ठूलो हानि नोक्सानी पुग्याउँछ । यो हाम्रो नै नोक्सानी हो ।

अभ्यास

१. परंपरागत मान्यता भनेको के हो, यी मान्यताहरूको पालन गर्नाले हुने फाइदाहरू बताऊ ।
२. हाम्रा सांस्कृतिक र धार्मिक वस्तुहरू किन अमूल्य निधि मानिन्छ, कारण खुलाऊ ।
३. हाम्रो परंपरागत मान्यताहरूको एउटा सूची बनाई तिनीहरूको कार्यविधिबारे छोटकरीमा उल्लेख गर ।

अरू देशको संस्कृति तथा सभ्यता

हामीलाई हाम्रो संस्कृति प्यारो लाग्छ । हामीले यी कुराहरू माथिको पाठबाट जानिसकेका छौं । हाम्रो यस संस्कृति अनुरूप नै हामीले अरूहरूलाई पनि आदर सत्कार गर्न सिकेका छौं । जसरी हामी आफ्नो देश, नरेश, संस्कृति र सभ्यताको मानमर्यादा गरी बाँचेका छौं, त्यसै गरी विश्वका अरू मुलुकका जनता पनि आफ्नो राष्ट्र र राष्ट्रियताप्रति मान-मर्यादा राख्दै देश विकासमा लम्किरहेका छन् । उनीहरूको यस कार्यप्रति हामीले सराहना गर्नु राम्रो कुरा हो। उनीहरूको संस्कृति र सभ्यता थाहा पाउनु हाम्रो आफ्नै ज्ञानको अभिवृद्धि गर्नु हो । अरू देशको संस्कृति, सभ्यता र विकास कार्यहरूबाट, आफूमा प्रेरणा पनि उत्पन्न गराउन सकिन्छ । विश्वका विकसित मुलुकहरूको प्रेरणाबाट नै आज अरूहरू मुलुकले पनि विकास गर्दै रहेका प्रमाणहरू हामी प्रशस्त पाउँछौं ।

मानिसले जीवनमा जान्नुपर्ने र थाहापाउनुपर्ने कुराहरू धेरै छन् । यसका लागि हामीमा जिज्ञासा पैदा हुनुपर्छ । जिज्ञासा नै ज्ञानको श्रोत हो । कुनै कुरा जान्ने, थाहा पाउने जिज्ञासा नभई त्यो ज्ञान प्राप्त हुनसक्दैन । यो कुरालाई हामीले बुझ्नुपर्छ र ज्ञानको भण्डार भर्दै जानु-पर्छ । अनि मात्र हामी हाम्रो कर्ममा सफल हुनेछौं ।

यस्ता जान्नुपर्ने कुराहरू मध्ये विश्वका अरू मुलुकहरूको बारेमा जान्नु पनि हाम्रो लागि अति आवश्यक छ । यी मुलुकहरू धेरै छन् । यिनीहरूको आफ्नै संस्कृति र सभ्यता छ । यिनै संस्कृति र सभ्यता अनुसार नै उनीहरूले आफ्नो जीवनक्रम चलाउँदै आइरहेका छन् । अब यी देशहरू मध्ये केही देशहरूको छोटकरी बयान यहाँ गरिन्छ ।

भारत

भारत हाम्रो छिमेकी मुलुक हो । यो देशसँग हाम्रो धेरै पहिलेदेखि नै मैत्रीपूर्ण सम्बन्ध रही आएको छ । यो एसिया महादेशको दक्षिणी भागमा पर्दछ । यहाँका अधिकांश मानिसहरू कृषि कार्यमा लागेका छन् । यो देश विकासशील देश हो ।

भारतीय र हाम्रो रीतिस्थिति मिल्दोजुल्दो छ । यस देशमा हिन्दू धर्म, बौद्ध धर्म, इस्लाम धर्म र क्रिश्चियन धर्म मान्ने मानिसहरू छन्, तर यहाँ हिन्दू धर्म मान्नेहरू धेरै छन् । हिन्दूहरूका अनेकौं देव देवालय पाइन्छन् । यहाँ अनेकौं पवित्र तिर्थस्थलहरू छन् । यिनीहरूको मुख्य चाड दुर्गा पूजा र दिपावलीको चाड हो । बौद्ध मार्गीहरू चाहिं वैशाख पूर्णिमाको दिनलाई पवित्र दिन मान्दछन् । यस दिन बुद्धको धूमधामले पूजा गर्दछन् । मुसलमानहरू ईदको चाडलाई आफ्नो मुख्य चाडको रूपमा मान्दछन् । क्रिश्चियनहरूको मुख्य पर्व क्रिसमस हो ।

जनवादी गणतन्त्र चीन

जनवादी गणतन्त्र चीन हाम्रो देशको उत्तरपट्टि रहेको छिमेकी मुलुक हो । यस देशको स्वशासित देश तिब्बत प्रदेशसँग धेरै पहिलेदेखि नै हाम्रो सांस्कृतिक तथा आर्थिक सम्बन्ध रहि आएको थियो। यो देश एसिया महादेशको पूर्वी भागमा पर्दछ । यहाँका मानिसहरू पनि बढी कृषि कार्यमा लागेका छन् । यो पनि विकासशील देश हो ।

यस देशका मानिसहरू प्रायः बौद्धमार्गीहरू छन् । यसैले यिनीहरू बुद्धलाई मान्दछन् । यिनीहरूको सबभन्दा ठूलो चाड नयाँ वर्षको चाड हो । यसलाई ल्होसर भन्दछन् । यसबेला यिनीहरू पितृ पूजा गर्दछन् । आमा, बाबु र गुरुजनलाई डोगभेट गरी सम्मान गर्दछन् । साथीभाइहरू एक अर्काको घरमा गई नयाँ वर्षको शुभ-कामना प्रकट गर्छन् ।

संयुक्तराज्य अमेरिका

संयुक्तराज्य अमेरिका उत्तर अमेरिकी महादेशमा पर्दछ । यो हाम्रो मित्रराष्ट्र हो । यो देश संसारको विकसित देश हो । यहाँका मानिसहरू उद्योगधन्दामा लागेका छन् । यहाँ आकाश-चुम्बी भवन प्रशस्त छन् । यस देशका मानिसहरू क्रिश्चियन धर्म मान्दछन् । यसैले यिनीहरू क्राइष्ट वा यिशु मसिहको प्रार्थना गर्दछन् । यसका लागि यिनीहरू चर्चमा जान्छन् । यहाँ ठूला ठूला चर्चहरू छन् । यिनै यिशु मसिहको संझनामा यिनीहरू क्रिसमस चाड बडो धूमधामले मनाउँछन् । यिनीहरूको अर्को प्रमुख चाड इष्टर हो ।

संयुक्त अधिराज्य

यो देश पनि हाम्रो मित्रराष्ट्र हो । यससँग हाम्रो देशको धेरै पुरानो मित्रता छ । यो यूरोप महादेशको उत्तरी भागमा पर्दछ । यो पनि संसारको विकसित र औद्योगिक मुलुक हो । कुनै बेला यसले विश्वका प्रायः सम्पूर्ण देशहरूमा आफ्नो आधिपत्य जमाएको थियो ।

यस देशका मानिसहरू ईसाइ धर्म मान्दछन् । यस धर्ममा पनि यिनीहरू प्रोटेस्टेन्ट र क्याथोलिक दुई सम्प्रदायका छन्, तर जुनसुकै सम्प्रदाय भएपनि यिशु मसिहलाई मान्दछन् र चर्चमा जान्छन् । क्रिसमस, इष्टर र मई दिवसजस्ता चाडवाड धूमधामले मनाउँछन् । खाने कुराहरू प्रायः उसिनेर खान्छन् । जाडो मुलुक हुनाले यहाँका मानिसहरू प्रायः ऊनी लुगा लगाउँछन् ।

जापान

जापान एसिया महादेशको पूर्वी भागमा पर्दछ । एसियाका यो सबभन्दा विकसित देश हो । यहाँ उद्योगधन्दाको निकै उन्नति भएको छ । यस देशमा बनेका सामानहरूले आजभोलि अन्तरराष्ट्रिय बजारमा निकै ख्याति पाएको छ । यो देशसँग हाम्रो राम्रो मित्रता छ ।

यहाँका मानिसहरू प्रायः बौद्धमार्गी छन् । बुद्धको निकै आदर सत्कार गर्छन् । पाहुनाहरूको स्वागत गर्नमा यिनीहरू प्रसिद्ध छन् । यिनीहरूको घरको कोठामा जुत्ता फुकालेर मात्र जानु पर्ने हाम्रो देशको चालचलनसँग मिल्दोजुल्दो छ । यिनीहरू खानेकुरा खाँदा चिनियाँहरूले जस्तै दुइटा कप्टेराले च्यापी खाने गर्दछन् ।

यसरी हामीले यी देशहरूका बारेमा जानेपछि यिनीहरूको जीवन पद्धतिप्रति हामीले आदरभाव राख्नुपर्छ । हामीले कहिल्यै पनि अरू देश र त्यहाँका जनताप्रति होच्याउने, हेला गर्ने जस्ता कार्यहरू गर्नु उचित होइन । संयुक्त राष्ट्रसंघको बडापत्र अनुसार पनि सबै देशले आफ्नो आफ्नो देशको जीवन पद्धति अँगाली स्वतन्त्रतापूर्वक रहन पाउने अधिकार छ । यस्तो अधिकार दैवी अधिकार पनि हो । यदि राष्ट्र राष्ट्रबीचका यी अधिकारहरू माथि अर्को राष्ट्रले बाधा पुऱ्याउन खोजेमा राष्ट्रराष्ट्रकै बीच वैमनस्य र लडाईं झगडा उत्पन्न हुन्छ । यस्ता घटनाहरू पनि हामीले रेडियो, अखबारहरूबाट थाहा पाइरहेका छौं । यसैले हामीले यी कार्यहरूलाई रोक्ने प्रयास गर्नुपर्छ र संयुक्त राष्ट्रसंघ स्थापनाको उद्देश्यलाई पूरा गराउनु हामी विश्वकै मानवजातिको कल्याण संझनु पर्दछ ।

अभ्यास

१. (क) अन्य देशको संस्कृति तथा सभ्यता जान्नाले हुने फाइदाहरू बताऊ ।

(ख) भारत, जनवादी गणतन्त्र चीन, संयुक्तराज्य अमेरिका, संयुक्त अधिराज्य र जापानको संस्कृति तथा सभ्यतासँग हाम्रो देशको संस्कृति तथा सभ्यताको तुलना गरी खास भिन्नताहरू भएका कुराहरूको बयान गर ।

२. कुन-कुन महादेशमा पर्दछन् भन

(क) भारत (ख) संयुक्त अधिराज्य (ग) संयुक्तराज्य अमेरिका (घ) जापान (ङ) जनवादी गणतन्त्र चीन (च) नेपाल

३. विश्वको नक्शामा पाठमा पढेका देशहरू देखाऊ र ती देशहरू हाम्रो देश नेपालबाट कुन-कुन दिशापट्टि रहेकाछन्, बताऊ ।

पाठमा परेका गाह्रा शब्दहरू

शब्द	अर्थ
परंपरागत मान्यता	-- पहिलेदेखि चलिआएको र मानिआएका कुराहरू
निर्दिष्ट	– तोकिएको
अवलम्बन	– पालना, पछ्याउनु

संस्कार	– परिपाटी, परंपरा
अङ्गीकार	– स्वीकार
संवर्द्धन	– बढाउँदै लानु, विकास गर्दै लानु
पूर्वज	– पिता पुर्खा, अगाडिका मान्यजनहरू
जगेर्ना	– जोगाउनु, बचाउनु
निधि	– धन, संपत्ति
शिलालेख	– ढुङ्गामा कुँदिएको अक्षर वा लेख
उधृत	– भनिएको, उल्लेख भएको, झिकिएको
उत्खनन्	– पुराना वस्तुहरूको प्राप्तिका लागि जमीन खनी पत्ता लगाउने काम
जीर्णोद्धार	– पुराना वस्तुहरूलाई भत्किन वा नास हुनबाट बचाउने कार्य
अभिलेखालय	– पुराना कलाकृति वा वस्तुहरू राखिने ठाउँ
संग्रहालय	– प्राप्त वस्तुहरू सुरक्षाको लागि राखिने ठाउँ
आकाशचुम्बी	– आकाश छुने अर्थात् धेरै-धेरै अग्ला
आधिपत्य	– अधिकार
दैवी	– ईश्वरीय

कक्षागत रूपमा कक्षा ७ का विद्यार्थीले गाउने
राष्ट्रिय गीत

हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

उन्नत हाम्रो सगरमाथा विश्वको शिर हो
विश्वमा उच्च गौरव राख्ने नेपाली वीर हो
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

पसीना देऊ हृदय देऊ उठाऊ नेपाल . . . २
तिमीनै आफू नउठेदेखि के उठ्छ हिमाल
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

जनकको ज्ञान सीताको सीप बुद्धको हृदय . . . २
नबिर्स आफ्नो पूर्खाको त्याग, शाहस र विजय
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

नैतिक शिक्षा कक्षा ७